प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादन सहयोगी
**भिक्षुणी शुभवती**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५६
नेपाल सम्वत् ११३३
इस्वी सम्वत् २०१२
बिक्रम सम्वत् २०६९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

**28th NOVEMBER 2012**

| वर्ष- ३० | अङ्क- ८ | सकिमना पुन्हि | मंसिर २०६९ |
|---|---|---|---|





**सुनारले अलि अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले अलि अलि गरेर क्रमशः आफ्नो चित्तमल निखार्नु पर्छ ।**

**फलामबाट निस्केको खियाले फलामलाई नै खाए जस्तै सदाचारको उल्लंघन गर्ने व्यक्तिलाई उसको कर्मले उसलाई दुर्गतिमा पुऱ्याउँछ ।**

**हिंसक, असत्यवादी, चोरीकाम गर्ने, व्यभिचारी, र मद्यपान गर्ने व्यक्तिले यही लोकमा आफ्नो उन्नतीको जड् उखेल्छ ।**

**दोषारोपण गर्ने विचारले सधैं अर्काको दोष देखी रहने व्यक्तिको चित्तमल बढ्छ, चित्तमलको क्षय हुने मार्गबाट उ बञ्चित हुन्छ ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# "सम्यक दृष्टि" दु:ख अन्त्यका लागि आवश्यक साँचो

"बुद्ध" शब्द व्यक्तिवाचक शब्द होइन। ज्ञानबर्द्धक शब्द हो । सिद्धार्थलाई सम्बोधन गरिएको यस शब्द उहाँको मातापिताले उहाँलाई दिएको पदवी पनि होइन । न त कुनै गुरुले वहाँलाई दिएको पदवी नै हो। यस पवित्र शब्दलाई सिद्धार्थ कुमारले कसरी प्राप्त गर्नु भयो त भन्ने विषयमा एकपटक अध्ययन गरौं।

२९ वर्षको उमेरमा सिद्धार्थ कुमारले शान्ति प्राप्त गर्ने बाटो पत्ता लगाउनका लागि राजदरवार त्याग्नुभयो । ६ वर्ष सम्म शान्तिको बाटो पत्ता लगाउनका लागि तपस्या गरी अन्वेषण गर्नुभयो । ठूलाठूला विद्वानहरूको संगत गर्नुभयो। तर सही रुपमा शान्तिको बाटो प्राप्त गर्न सक्नु भएन। आखिर एकदिन पिपलको वृक्षमुनि बसी आध्यात्मिक ज्ञान प्राप्तीकालागि प्रयत्न गर्दै आफ्नो मन भित्रको ज्ञानलाई खन्न र खोतल्न कोशिस गर्नुभयो। अर्को शब्दमा भन्ने हो भने उहाँले अन्तर्मुखी हुनुभई आफ्नो मन शुद्ध गर्ने कार्यमा तल्लीन हुनुभयो। अभ्यास खारिंदै गएपछि उहाँले आफ्नो मन शुद्ध पार्न पनि सफल हुनुभयो र संसारको चारवटा आर्य सत्यहरूलाई प्रष्ट रुपमा बुझी यसलाई यसरी पत्ता लगाउनु भयो ।

१) संसारमा ८ प्रकारका दु:खहरू छन् ।
२) यी दु:खका कारणहरु छन्
३) दु:खलाई अन्त्य गर्न सकिन्छ।
४) दु:ख अन्त्य गर्ने ८ वटा बाटाहरू छन् ।

(१) ८ प्रकारका दु:खहरू – क) जन्मलिनु पर्ने नै दु:ख ख) शरीर जीर्ण भई वृद्ध वृद्धा हुँदै जाने ग) रोगी हुनुपर्ने घ) मृत्यु हुनुपर्ने ङ) मन नपर्ने, (मन नमिल्ने) व्यक्तिसँग जीवन बिताउनु पर्ने च) मन पर्ने (मन मिल्ने) व्यक्तिसँग विछोड भएर बस्नु पर्ने छ) आफ्नो मनले चिताएको इच्छा पूरा गर्न नसकिने छ) संक्षिप्तमा पञ्चस्कन्ध (शरीर र मन) धारणगर्न परेसम्म दु:खले सताईरहने ।

(२) दु:खको कारण नै तृष्णा हो अर्थात जति भएपति नपुग्ने असन्तोषी एवं महत्वाकांक्षी स्वभाव ।

(३) चाहेको खाण्डमा यस दु:खलाई अन्त्य गर्न सकिन्छ।

(४) दु:ख अन्त्य गर्नका लागि आठवटा बाटोहरू छन् ।

क) सम्यकदृष्टि अर्थात ठीक समझदारी हुनुपर्ने ।
ख) नियत ठीक हुनुपर्ने ।
ग) शुद्ध मन सहितको बोलि वचन प्रयोग गर्ने ।
घ) इमान्दारी पूर्वक असल कार्यहरू गर्ने ।
ङ) ठीक तरिकाले जीविका गर्ने ।
च) ठीक तरिकाले धर्म अभ्यास गर्ने ।
छ) असल कार्यमा सधैं होशियार रहनु पर्ने ।
ज) असल कार्य सम्पन्न गर्न मनलाई एकाग्र गर्ने ।

यसरी सत्य एवं यथार्थतालाई बुझी बोध हुनु भएको कारणले सिद्धार्थ कुमारलाई बुद्ध पदवी प्राप्त भयो अर्थात् उहाँ बुद्ध हुनुभयो ।

२५ सय वर्ष पहिला सिद्धार्थ कुमारले पत्ता लगाउनु भएको दु:ख र दु:खका कारण पत्ता लगाई मुक्ति प्राप्त गर्ने ज्ञान आजपनि ताजा र सान्दर्भिक रहेको छ। आज हाम्रो देश दु:ख र कष्टले ग्रस्त रहेको छ । तर दु:खको कारणलाई पत्ता लगाई समस्या हल गर्ने कार्यतर्फ ध्यान दिन सकिरहेको देखिंदैन । 'समझदारी' कुरामा मात्र सीमित भइरहेको छ। काम गराई भने असमझदारी भइरहेको छ । अनि दु:खको अन्त्य हुन्छ कसरी ?

दु:ख, दु:खको कारण र अन्त्य जस्तो प्राकृतिक सत्य तथ्य नियम पत्ता लगाउन सक्नुमानै बुद्धको महत्व र परिचय समावेश भएको छ। यस सही ज्ञानलाई नै बुद्ध भनिएको हो। अर्को भाषामा भन्ने हो भने मनबाट सम्पूर्ण क्लेश कुसंस्कारबाट मुक्त व्यक्तिलाई बुद्ध भनिन्छ। भगवान बुद्धको कथन अनुसार चित्त निर्मल गर्न सक्ने व्यक्तिले मुक्ति प्राप्त गर्न सक्नेछ।

एकदिन भगवान् बुद्ध बाटोमा हिंडिरहनु भएको



Downloaded from http://www.dhamma.digital

थियो । त्यसबेला एक ब्राह्मणले उहासँग यसरी प्रश्न सोधेछ– "तपाईको अनुहार ज्यादै उज्यालो र तेजीलो छ । तपाईको हिंडाई पनि शान्तपूर्ण छ । तपाईं को हुनुहुन्छ ?"

उनको प्रश्नको उत्तर दिनुहुँदै भगवान बुद्ध भन्नु हुन्छ–

**"अभिञ्ञेय्यं अभिञ्ञातं भावेतब्बं च भावितं ।**
**पहातब्बं पहीनं मे तस्मा बुद्धोस्मि ब्राह्मण ॥**

*अर्थ*– मैले बुझ्नुपर्ने कुरा चारवटा आर्यसत्यलाई सही रुपमा अध्ययन गरें, बुझें र अभ्यास पनि गरें । त्यसपछि त्याग्नुपर्ने कुसंस्कारलाई पनि त्यागि दिएँ । त्यसैले म बोध भएको बुद्ध हुँ ब्राह्मण ।

यहाँ बुझ्नु पर्ने कुरा के छ भने अध्ययन र अभ्यास गरेर मात्र पनि नपुग्ने रहेछ, मनभित्र लुकेर बसेका क्लेश तथा नाराम्रा कुसंस्कारलाई पूर्ण रुपले नै पखाल्न पर्दो रहेछ ।

यस कुराले के बुझाउँछ भने भगवान बुद्ध– पहिला आफू असल बनिसकेपछि मात्र अरुलाई पनि असल व्यक्ति बन्नुपर्ने सल्लाह दिनु हुन्छ । आफू शुद्ध र शान्त स्वभावको हुनुभएपछि मात्र अरुलाई पनि शुद्ध र शान्त स्वभावको हुनुपर्ने ज्ञान दिनुहुने एक योग्य गुरु हुनुहुन्छ ।

मानिसहरूको समूहमा धेरै भाषण र प्रवचन दिनसक्ने वक्ताहरु छन् । त्यस्ता व्यक्ति भएतापनि सुन्ने व्यक्तिहरूलाई चित्त बुझ्नेगरी प्रवचन र उपदेश दिन सक्ने व्यक्ति कम मात्र पाउँछौं । सही वक्ता त्यही मात्र हुन सक्छ, जसले श्रोतावर्गका ध्यान आकर्षण गरी बोध गराउन सक्नेछ । यस्तो क्षमता भएको योग्य वक्ता बुद्ध बाहेक अरु छैन भन्दा अत्युक्ति नहोला । उहाँले धर्मोपदेश गर्नु अगाडि श्रोतावर्गको धर्म बुझ्न सक्ने क्षमतालाई मध्य नजर राखी धर्मोपदेश गर्नु हुन्छ ।

एकदिन एक गोठालाले हराइरहेको आफ्नो गाई खोज्दा खोज्दै आधा दिन बिताएछ । खाना खाने समय बितिसकेको रहेछ । त्यसवेला भगावान बुद्ध सडक छेउमै उपदेश दिन शुरु गर्दै हुनुहुन्थ्यो । त्यस गोठालालाई पनि धर्मोपदेश सुन्ने इच्छा भइरहेको थियो । त्यसैले उ पनि उक्त सभामा सामेल भयो । तर उसलाई भोकले सताइरहेको थियो । त्यसैले उसले धर्म श्रवण कार्यमा मन एकाग्र पार्न सकेन । यो देखि भगवान् बुद्धले उसलाई पेटभरि खाना खुवाउन लगाएपछि मात्र धर्मोपदेश गर्नुभयो । अनि उक्त गोठालाले पनि मन एकाग्र पारी धर्मकथा सुनेको फलस्वरुप बोध भई स्रोतापन्न भयो । अर्थात उ निर्वाण पथको पहिलो खुड्किलो चढ्न सफल भयो । उ दुःख मुक्तिको बाटोमा पुग्न सफल भयो ।

अर्को एकदिन अर्काको कमजोरी र दोष मात्र खोतल्ने झगडालु स्वभावको एक ब्राह्मण बुद्ध समक्ष पुगी भनेछ–

"म धर्म कथा सुन्न आएको" । भगवान बुद्धले भन्नुभयो– "तिमी अर्काको दोष मात्र खोजी झगडा गर्ने मान्छेले धर्मकथा बुझ्न सक्दैनौं । बुद्धको यस कथन सुनेपछि ब्राह्मणले मनमनै गुनगुनाउन थाल्यो– "भगवान् बुद्धले त मेरो स्वभाव चिन्नु भएको रहेछ । साँच्चै मेरो स्वभाव राम्रो रहेनछ । भगवान बुद्ध साँच्चै नै आध्यात्मिक गुण भएको व्यक्ति हुनुहुँदो रहेछ । भगवान बुद्धको व्यक्तित्व देखि उ खुब प्रभावित भयो । खुब प्रसन्न मुद्रामा उसले बुद्ध समक्ष गएर भने–

"भो गुरु ! म अज्ञानी छु तपाईं देखर तपाईंको कुरा सुनी म बोध भएँ । म आज देखि ज्ञानी हुनेछु । अर्काको गल्ती र दोष खोज्ने बानी त्यागी म आसल मानिस बन्नेछु ।"

यस घटनाले हामीलाई आफ्नो गल्ती महशूस गरी आफ्नो खराव आचरण पखाल्न सक्ने व्यक्तिले मात्र आफूलाई असल व्यक्ति बनाउन सक्नेछ भन्ने यथार्थतालाई बुझाएको छ । जुन व्यक्तिले यस यथार्थ ज्ञानलाई अभ्यास गर्न सक्नेछ, उसले मात्र सम्यक दृष्टि प्राप्त गरी दुःख अन्त्य गर्न सक्नेछ । हामी सबैको लक्ष्य नै यही हो । यस लक्ष्यलाई हामीले सकेसम्म छिटो प्राप्त गर्न सकौं ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २५५

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**सब्बसो नाम रुपस्मि-यस्स नत्थि ममायितं**
**असता च न सोचति-स वे भिक्खूति वुच्चति ।**

*अर्थ*– जसले सबै जगतमा (नाम, रुप पञ्चस्कन्ध) "म" "मेरो" भनि भन्दैन जसले कुनै वस्तु नहुँदा खेरी शोक गर्दैन, त्यसलाई भिक्षु भन्दछन् ।

*घटना*– उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा बस्नु हुँदा पञ्चग्रदायक नामक ब्राह्मणको कारणमा भन्नु भएको थियो ।

बुद्धको समयमा श्रावस्तीमा एउटा पञ्चग्रदायक नामका ब्राह्मण थिए । अति श्रद्धालु ती ब्राह्मणले खेत खन्नेदेखि बाली नउठाएसम्म पाँचपटक बुद्ध प्रमुख भिक्षु संघलाई अन्न दान दिइरहन्थे । उनको अगाडि आएका जो कोही याचकलाई अन्न दान नदिइ पठाउँदैनथे ।

एकदिन भगवान् बुद्धले त्यो ब्राह्मण र उनकी पत्नी दुबै जनाले अनगामी मार्गफलसम्म प्राप्त गर्न सक्ने लक्षण देख्नु भयो । त्यसैले भगावन बुद्ध त्यो दिन उनीहरूको घरतिर गएर घरको ढोका अगाडि उभिराख्नु भयो । त्यस समय ब्राह्मण भोजन खाईरहेका थिए । ब्राह्मणले बुद्धलाई देखेनछ । तर उनकी पत्नीले खाना थप्दै गर्दा बुद्धलाई ढोका अगाडि उभिराख्नु भएको देखिन् । पत्नीचाँहीले सोचिन् कि यदि ब्राह्मणले बुद्धलाई देख्यो भने त्यही भोजन दान दिनेछ । अनि फेरी मैले अर्को खाना पकाउनु पर्नेछ । यस्तो सोचि ब्राह्मणीले आफ्नो जिउले छेकी बुद्धलाई ब्राह्मणले नदेख्ने गरी बसिन् पछि बुद्ध जानु भयो कि भन्ने नियालेर हेर्दा बुद्ध त्यहिं उभिराख्नु भएको थियो । मुखले बोल्दा ब्राह्मणले थाहा पाउनेछ भनी ब्राह्मणीले बुद्धलाई ईशाराले जाउ भनिन् । बुद्धले पनि टाउको हल्लाई जान्न भनी ईशारा गर्नुभएछ । लोकजनले अति गौरव गर्नुपर्ने तथागत बुद्धले टाउको हल्लाई जान्न भनी इशारा गरेको देख्दा ब्राह्मणीलाई थामी नसक्नु हाँसो उठेछ । उनी हाँसेको देखि उतापटि हेर्दा ब्राह्मणले बुद्धलाई आफ्नो घर अगाडि उभीराख्नु भएको देखे ।

आफ्नी पत्नीले गरेको चाला थाहा पाएपछि पत्नीमाथि रिसाएर कराए– "हे स्त्री तिमीले यो के गऱ्यौ ? शास्ता घरसम्म आईपुग्नु भएको देख्दा पनि तिमीले मलाई भनेनौं । तिमीले मलाई बर्वाद गऱ्यौं ।

उत्तिनखेरै ब्राह्मणले आफूले खाईराखेको थालै उठाएर बुद्धको सामू राखेर भने– "प्रभो शास्ता यो बाँकी भएको खाना दान गर्दैछु । मलाई क्षमा गर्नुहोला खाएर बाँकी रहेको खाना मात्र अपर्ण गरिरहेछु ।"

भगवान बुद्धले ब्राह्मणलाई तिम्रो जूठो खाना लिन्न नभनीकन यसरी बरु भन्नुभयो– "हे ब्राह्मण हामीलाई शुरुको भोजन, आधि खाएको भोजन वा पछिल्लो बाँकी भएको भोजन जुन पनि दान दिन योग्य छ । हामी त भयौं दानकै भरमा बाँच्नु पर्ने ।"

बुद्धको कुरा सुनी ब्राह्मण अति प्रशन्न भई 'अहो आश्चर्य, लोकका स्वामी हुनु भएका बुद्धले तिम्रो जुठो खाना चाहिंदैन नभनी झन ग्रहण गर्नु भयो भन्दै खुशी भए । त्यहिं उनले बुद्धसँग सोधे– "भो शास्ता ! तथागतको श्रावक शिष्यहरू मध्ये कस्तालाई भिक्षु भनिन्छ?

त्यतिखेर तथागतले ती दुई ब्राह्मण ब्राह्मणीलाई उनीहरूको पुरानो संस्कार अनुसार नाम रुप (धर्मस्कन्ध) सम्बन्धी उपदेश दिनु उचित होला भनी बुझी भन्नुभयो– "हे ब्राह्मण ! नाम र रुपमा नभुलीकन त्यसमा आकर्षित नभईकन, शोक नगरीकन बस्नेलाई भिक्षु भनिन्छ ।" यसरी आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो ।

धर्म देशनाको अन्त हुँदा ती दुईटै ब्राह्मण र ब्राह्मणी अनागामी फलमा प्रतिष्ठित भए । ❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६९ कार्तिक ६ | वीर्यवती गुरुमां | धम्मवती गुरुमां र वीर्यवती गुरुमां |
| २०६९ कार्तिक १३ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६९ कार्तिक १३ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६९ कार्तिक २२ | रमावती गुरुमां | दानवती गुरुमां |
| २०६९ कार्तिक १८ | केशावती गुरुमां | केशावती गुरुमां |



Downloaded from http://www.dhamma.digital

# प्राचीन ब्राह्मण धर्म

✍ **सत्यनारायण गोयन्का**

भगवान् बुद्ध श्रावस्तीमा विहार गरिरहनु भएको थियो । त्यस समयमा कोशल देशका धेरै युवकहरू, बूढो तथा धनी धनी ब्राह्मणहरू भगवानको धर्म सुन्न आएका थिए । ती मध्ये एकजनाले प्रश्न सोधे कि आजकल पनि पुरातन ब्राह्मण धर्म अनुसार जीवन जिउने कोही ब्राह्मण छ ?

भगवान् बुद्धले उत्तर दिनुभयो– "आजकल त्यस्तो ब्राह्मण छैन ।" ती ब्राह्मणहरूले पुरातन ब्राह्मण चर्याको विषयमा भगवानबाट सुन्न चाहे । भगवानले उनीहरूलाई त्यस विषयमा सविस्तार वर्णन गर्नु भयो ।

पुराना ब्राह्मण ऋषी आत्मसंयमित र तपस्वी हुन्थे । उनीहरूले पाँच प्रकारका इन्द्रिय सुखलाई त्यागेर आफ्नो कल्याण हुने  काम गर्दथें । ती ब्राह्मणहरूसंग धन-धान्य, पशु तथा सुनचाँदी केही हुदैंनथे । स्व अध्ययन अर्थात आफू भित्र जान्नु नै उनीहरूको धन थियो र यसै धर्मलाई पालन गरेर यसको सुरक्षा गर्दथे ।

गृहस्थीहरू श्रद्धा पूर्वक उनीहरूका लागि खाना पकाएर ढोकामा राख्थे । कोही ब्राह्मणले माग्न आयो भने योग्य सम्झेर दान दिन्थे । समृद्ध जनपद तथा राष्ट्रका मानिसहरूले विभिन्न प्रकारका रंगीन वस्त्र, विछ्यौना र निवास स्थान बनाएर दान गर्दथे । ब्राह्मणलाई कुनै नियम थिएन, तिनीहरूले धर्मको रक्षा गर्थे भने धर्मले तिनीहरूको रक्षा गर्दथ्यो । सबै गृहस्थका घरमा उनीहरूको प्रवेशका लागि ढोका खुल्ला थियो । प्राचीन समयका ब्राह्मणहरू अठ्चालीस (४८) बर्ष सम्म बाल-ब्रह्मचारी रहन्थे र विद्या र आचरणलाई राम्ररी पालना गर्दथ्यो ।

गृहस्थ ब्राह्मणहरू आफ्नो जीवनको लागि अन्य स्त्री समक्ष जाँदैनथे परस्पर प्रेम भएका स्त्रीसंग आफ्नो जीवन बिताउँथे । यिनीहरू ब्रह्मचर्य, शील, सरलता, नम्रता, तप, सौजन्य, अहिंसा तथा क्षमा आदि मनपराउँथे ती मध्ये ब्रह्मा कहलिएका ब्राह्मण गृहस्थ जीवनमा प्रवेश नै गर्दैनथे तिनीहरू आजीवन अखण्ड ब्रह्मचर्यको पालना गर्दथे । यिनीहरूको आचरण अनुसरण गर्ने अन्य विज्ञ व्यक्तिहरू ब्रह्मचर्य, शील र क्षमाको प्रशंसक हुन्थे र धार्मिक रीति पूर्वक चामल, घ्यू, तेल मागेर ल्याउँथे र यज्ञ गर्दथे । भगवानले यो पनि बताउनु भयो कि यज्ञमा गाईको बलि दिइँदैनथे । भगवानले गाईको गुण बारे वर्णन गर्नुभयो । आमा, बुबा, दाजु, भाइ तथा अन्य साथी भाइ झैं गाई पनि हाम्रो परम मित्र हो । गाईलाई जोतिन्छ, त्यसको गोबरमा वनस्पति तथा औ षधि उब्जीन्छन् । उब्जेको अन्न खाएर नै बल, सुख र वर्ण हामीले प्राप्त गर्दछौं । त्यसैले गाईको हत्या गरिंदैन । सुकुमार, महाकाय, वर्णवत र यशस्वी ब्राह्मण आफ्नो धर्मको साथ-साथै कर्तव्य पालन गर्न तत्पर थिए त्यसैले त्यस समयका प्रजा सुखी थिए ।

दुर्भाग्यले यो अवस्था विग्रियो । ब्राह्मणहरू तपश्या र त्यागको प्राचीन नैतिक जीवनबाट पतित भए र तिनीहरूको अधो पतन भएको एउटा सजीव चित्र पनि भगवानले प्रस्तुत गर्नुभयो । भगवानले भन्नुभयो– "राजाको विशाल सम्पत्ति तर्फ ब्राह्मणको ध्यानाकर्षण भयो । राजाको वरिपरि रहने सुन्दर स्त्रीहरू, राम्रा बुट्टेदार रथ, थूप्रै कोठाहरू भएको दरबार, अलंकृत पहिरण तिर आकर्षित हुँदै गयो । तिनीहरूको दाँजोमा आफ्नो सादा-रुखो जीवनमा केही रस देखेन, मनमा कामनाहरू उब्जीन थाले । र विस्तारै सुन्दर नारीहरू प्रति आकर्षित भए । यस प्रकार पुरातन समयका सात्विक ब्राह्मणहरूको पतन आरम्भ भयो । ठग विद्या द्वारा राजालाई आफ्नो वशमा राखे । आफूले मन्त्र रचेर इक्ष्वाकु राजाकहाँ गएर भने कि राजा तिमी धन धान्य सम्पन्न छौ, यज्ञ गर । तिमी सम्पत्तिशाली छौ, यज्ञ गर । राजाले ब्राह्मणको कुरा स्वीकार गरी अश्वमेघ, नरमेघ, सम्मापास, वाजपेय र निरर्गल नामका यज्ञहरू गरे र पुरोहित ब्राह्मणहरूलाई धन दिए । गाई, खाता, वस्त्र, आभूषणधारी स्त्री, असल घोडा, सुसज्जित बुट्टादार रथ र धन-धान्यले भरपूर भव्य भवन ब्राह्मणहरूलाई दक्षिणा स्वरूप प्रदान गरे ।" यस वर्णनबाट स्पष्ट हुन्छ की पूर्वकालीन ब्राह्मण यसप्रकारका विलासी सामग्रीहरू दानमा लिईदैन थिए होलान् । त्यागी जीवनको लागि जति आवश्यक थियो त्यति नै दक्षिणा स्वीकार गर्दथ्यो । यहाँ यो पनि स्पष्ट हुन आउँछ कि राजालाई राज्य वैभव बढ्ने र युद्धमा जित्ने प्रलोभन देखाएर हिंसक यज्ञहरू रचेका हुन् । यसको



Downloaded from http://www.dhamma.digital

बदला आफूलाई विलासमय, वैभवमय जीवन यापन गर्ने मार्ग खोल्यो। यसप्रकार त्यागी, तपस्वी ब्राह्मणहरूको पतन भयो। यति मात्र होइन कि कोही व्यक्ति उचाईबाट चिप्लेर लड्यो भने कतिसम्म तल खस्छ भन्ने थाहा हुँदैन। यस्तै भयो र अघोपतन घोर अघोपतनमा बदल्यो।

धन प्राप्त भए पछि ब्राह्मणहरूले त्यसको संग्रह, परिग्रह गर्ने काम शुरु गर्यो। आफ्नो इच्छा पूरा गर्न निमग्न हुन थाले, तृष्णा बढ्दै गयो।

नयाँ मन्त्र रचेर तिनीहरू फेरि इक्ष्वाकु राजा समक्ष भेट्न गए। यस मन्त्रमा अधिक बल छ, यसबाट राज्य वैभव अधिक समृद्ध हुन्छ भन्ने आश्वासन दिए। एकातिर आफ्नो तृष्णा बढ्यो अर्को तिर राजाको तृष्णा बढ्यो र यज्ञको नाममा हुने अर्थ अनर्थमा बड्ल्यो। यसबाट एउटा अनुमान गर्न सकिन्छ कि पूर्वकालका ब्राह्मण निरामिष भोजन गर्दथे। हिंसात्मक यज्ञ यसकारण गर्न लगायो होला कि उनीहरू पनि अरुले झैं मांस-भक्षण गर्न सकून्। सामान्यतया मासु खानु एकदम लज्जास्पद कुरा हुन गयो होला। परन्तु देवताको प्रसादको रुपमा खायो भने मानिसहरूले केही भन्दैन भन्ने सोचे। यसप्रकार ब्राह्मणहरूले मासु खान थाले। अन्य प्राणीहरूको मासु खाँदा खाँदा गाईको मासु खाने इच्छा पनि प्रबल भयो होला। त्यस समयसम्म सायद भारतमा गाईको हत्या गरिँदैन थियो। जुन गाईले दिएको दूधबाट बनिने अनेक परिष्कार यति स्वादिष्ट हुन्छ भने गाईको मासू त झन कति स्वादिष्ट होला भन्ने सोचेर गो-मेघ यज्ञ जस्ता नयाँ मन्त्र रचे होलान्। यस्तो यज्ञ गर्‍यो भने राजाले अपार राज्य वैभव प्राप्त गर्नेछ भन्ने आश्वासन दिएर लोभी पुरोहित र लालची राजाको गठवन्धनबाट देशमा पहिलो पटक गाईको हत्या गरियो।

गाईको हत्या गर्नको लागि नयाँ मन्त्र रचेर राजा समक्ष आए र जस्तो पानी, पृथ्वी, सुन तथा अन्य धन छ त्यस्तै नै गाई पनि मनुष्यको लागि नै हो। त्यो पनि उपभोग गर्ने वस्तु हो। यसरी प्रेरीत गरेर गाईको हत्या गर्ने यज्ञ गरायो र राजाले पनि उनीहरूको कुरा सुनेर हजारौं गाई हत्या गरेर यज्ञ गरे।

यस कार्यदेखि देवता, पितृ, इन्द्र र असुरहरूले यस अधार्मिक कार्य प्रति विद्रोह गरे। यस अघि सायद गाईको हत्या हुँदैन थियो। भगवान बुद्धले गाईको गुणबारे वर्णन गर्नु भएको छ, कि गाईले कसैको हिंसा गर्दैन, न खुट्टाले, न सिंगले, न अन्य कुनै अंगबाट। गाई भद्र हुन्छ, गाग्री भरी दूध दिन्छ। त्यस्तो गाईलाई सिंग समातेर अन्य शस्त्रको प्रयोग गरी हत्या गरायो।

जबसम्म यज्ञ केवल अन्न, तेल, घ्यू, तील तथा अन्य दालका प्रकारबाट हुन्थ्यो तबसम्म यज्ञ गर्न लायक थियो। तर जब यज्ञमा अधिक पशुहरू बलि दिन थाल्यो तब पवित्र यज्ञ स्थल पशु हत्या गर्ने स्थल झैं हुन गयो। सदाचारको जीवन जिउने पूज्य तपस्वी ब्राह्मणको जीवन एक हत्याराको जीवन झैं हुन गयो अझ भनौं यस हत्यालाई धर्मको कवच लगाई दिएर त साधारण बगरे भन्दा पनि अधिक गए-गुज्रेको हुन गयो। यज्ञस्थलमा गाईको हिंसा गर्न थाले पछि त उनको अवस्था झन भयंकर भयो। यसकार्यमा साथ दिने र यज्ञ गराउने त्यसको सहयोग गर्ने समाजका व्यक्तिहरूको अघो पतन हुनगयो। दुःखले ग्रसित हुन गयो।

पहिला केवल तीन प्रकारका रोग थिए। पहिलो इच्छा, दोस्रो भोक र तेस्रो बूढो हुनु। पशुको हत्या हुन थाले पछि अन्ठानब्बे प्रकारका रोग हुन थाले।

धर्मको नाममा पशुको हत्या आरम्भ भयो। यही अनर्थ भयो, अधर्म भयो। धर्मको नाममा जब गाईको हत्या गरियो तब घोर अनर्थ भयो। घोर अधर्म भयो। धर्मको नाममा चलिरहेको यो अधर्म र अनर्थलाई रोक्न भगवान तत्पर हुनुहुन्थ्यो ताकि जुन दोषमा सारासमाज निमग्न थिए उनीहरूलाई दोष मुक्त गर्न सकुन्। जस्को कारण ब्राह्मण समाजको अघोपतन भएको थियो तिनीहरूलाई त्यसबाट निकाल्न सकुन्। जहाँ, जब जब अवसर आयो तब तब भगवानले यस दूषित प्रथालाई हटाउने भरसक प्रयत्न गर्नु भयो। प्रज्ञा र करुणाले परिपूर्ण भएर प्रयत्न गर्नुभयो। ❖

*(साभार– 'विपश्यना' वर्ष २५, अङ्क ९, २०६५ पुष)*

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

*क्र.सं. ७३२*

**श्रीमती वन्दना वज्राचार्य**

चाकुपाट, ललितपुर

रु. १,०५०/–



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास-२०

✍ के.श्री धम्मानन्द
*अनुवादक*- प्रकाश वज्राचार्य

बुद्धले आफ्नो हास्य भावनालाई यतिसम्म विकसित गर्नु भएको थियो कि उहाँका कट्टर विपक्षीहरूले पनि सजिलैसित हतियार छाडि दिए । प्राय: गरेर उनीहरूले आफैको हाँसो उडाउन पनि रोक्न सकेन । बुद्धसँग अनौठो औषधी थियो; उहाँले उनीहरूको खतरनाक विषालु व्यवस्थाहरूलाई सफा गरिदिनु भयो र त्यसपछि उनीहरू उहाँको पाइला पछि लाग्न उत्साहित भए। उहाँको उपदेश, शाकच्छा र छलफलमा उहाँले त्यो सन्तुलन र उत्कृष्टतामा कायम गर्नुभयो जसले गर्दा उहाँले सर्वसाधारणको आदर र स्नेह जित्नु भयो ।

बुद्धले कहिलै पनि आफ्ना अनुयायीहरू सँधै जीवनका दु:खहरूमा जकडिरहेको र कष्टदायी र दु:खी जीवन जिइरहेको हेर्न चाहनु हुन्नन्थ्यो । उहाँले मानिसहरूलाई कसरी दु:खबाट मुक्त हुने र सुखको दिशामा लाग्ने भनी देखाउनलाई नै दु:खको सत्यता प्रकट गर्नु भयो । निर्वाण प्राप्त व्यक्ति हुनलाई विकसित गर्नु पर्ने भनेर बुद्धले भन्नु भएको प्रीति (आनन्द) पनि एक आवश्यक कुरा हो। प्रीति विरलै मात्रै निराशावादी हुन्छ ।

धर्मको रुपमा बुद्ध धर्मले यो संसारमा हरेक वस्तु प्रति असन्तुष्ट प्रवृतिको प्रचार गर्छ । तैपनि बुद्धधर्मलाई सजिलैसित निराशावादी भनेर छुट्याउन सकिदैन, किनकि, यसले हामीलाई दु:खबाट कसरी मुक्त हुने भनेर पनि सिकाउँछ । बुद्धको अनुसार एक महापापीले पनि आफूले गरेको पापको फल भोगिसकेपछि मोक्ष प्राप्त गर्न सक्छ । बुद्ध धर्मले हरेक व्यक्तिले कुनै दिन मोक्ष (निर्वाण) प्राप्त गर्न सकिन्छ भन्ने आशा जगाउँछ। अन्य धर्महरूले भन्छन् कि कोही कोही सदाको लागि दुष्ट हुन्छन् र एक शाश्वत नर्कले उनीहरूलाई पर्खिराखेको छ । बुद्ध धर्म त्यस्तो विश्वासलाई मान्दैन ।

बुद्ध धर्म न त आशावादी हो न त निराशावादी । यसले मानिसहरूलाई आशावादी र निराशावादीको आफ्नो परिवर्तनशील दृष्टिकोणले विश्वलाई हेर्न उस्काउँदैन । बरू बुद्ध धर्मले हामीलाई सत्यवादी बन्न सिकाउँछ: संसार जस्तो छ त्यस्तै नै हेर्न हामीले सिक्नु पर्छ । ❖

( **बौद्ध विश्वास प्रथम भाग समाप्त** )

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) Ven. H. Assaji Thero (Sri Lanka) Kusinagar Rs. 10,000/-
२) अम्बरबहादुर स्थापित, सोह्रखुट्टे, नयाँबजार रु. ५,०००/–
३) धर्मवीर शाक्य, जमल रु. ५,०००/–
४) प्रकाश वीरसिंह तुलाधर, लाजिम्पाट रु. ३,०००/–
५) तीर्थबहादुर मानन्धर, चसांदो रु. २,०५०/–
६) हरिमान रञ्जित, छाउनी रु. २,०००/–
७) सुर्यमान/गृहस्था रञ्जित, छाउनी रु. १,०००/–
८) केशचन्द्र शाक्य, बनेपा रु. १,०००/–
९) दिनेशरत्न शाक्य, बनेपा रु. १,०००/–
१०) साहित्यरत्न तुलाधर, कमलादी स्व. बुबा निलरत्न तुलाधर, स्व. आमा लक्ष्मीदेवी तुलाधरको पुण्यस्मृतिमा रु. १,०००/–
११) मोतीलाल नकर्मी, बिना नकर्मी सातदोबाटो – बालिकाहरूलाई लुगा, कपडा
१२) बोधिरत्न शाक्य, काठमाडौं रु. १,०००/–
१३) दिलमाया शाक्यको पूण्यस्मृतिमा रमिला शाक्य रु. १,०००/–
१४) रत्नदेवी मानन्धरको पूण्यस्मृतिमा रु. ५००/–

★ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू:**

१) श्री लक्ष्मीरत्न शाक्य, चारदोबाटो, बनेपा-१० आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. २५१००/–
२) प्रकाश श्रेष्ठ, हरिदेवी श्रेष्ठ, प्रबिन श्रेष्ठ, करुणा मार्ग, बनेपाबाट जन्मदिनको उपलक्ष्यमा रु. २५,०००/–
३) सुलोचना रञ्जित, तीनदोबाटो, बनेपा-५, स्व. बुबा कृष्णलाल रञ्जित, स्व. आमा सानुमाया रञ्जितको पुण्यस्मृतिमा रु. १५,०००/–
४) समिर बज्राचार्य/सौभाग्य बज्राचार्य, काठमाडौं, आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. १५,०००/–
५) सुर्यमाया चित्रकार, मैतीदेवी, पितृहरूको सम्झनामा रु. १५,०००/–
६) बिमला लामा (जि.सि.) सितापाइला, आफ्नो जन्म दिनको उपलक्ष्यमा रु. १५,०००/–
७) चैत्य/अम्बिका नकर्मी, ढल्को, काठमाडौं २५औं विवाह मङ्गलको उपलक्ष्यमा रु. १५,०००/–
८) रमेश नकर्मी, मैतीदेवी, काठमाडौं, स्व. बुबा हिरालाल नकर्मीको पुण्यस्मृतिमा रु. १५,०००/–
९) नानीमैंया नकर्मी, मैतीदेवी रातोपुल, काठमाडौं– स्व. बुबा हिरालाल नकर्मीको पुण्यस्मृतिमा रु. १५,०००/–



Downloaded from http://www.dhamma.digital

# कुमार काश्यप

✍ भिक्षु अश्वघोष

बुद्धकालीन घटना हो । राजगृह नगरका धनाढ्य सेठको घरमा अति रुपवती छोरी थिइन् । उ वचपन देखि धर्मात्मा स्वभावकी थिइन् । भक्तिवान र श्रद्धावान स्वभावकी थिइन् । घरमा नबसी प्रव्रजित हुन चाहन्थिन् उनी त्यसैले उ उनी आमा बुबा समक्ष गइन् र प्रार्थना गरिन्– "मलाई आज्ञा दिनुस् भिक्षुणी बन्नको लागि ।" एक्ली छोरी भएको हुँदा आमा बुबाबाट अनुमति पाउन सकिनन् । तरुणी भएपछि उनीलाई आमा बुबाले एकजना युवकसँग विवाह गरिदिए ।

उनकी पति पनि खुब धर्ममा श्रद्धा भएको परेछ । मतलब धर्मात्मा स्वभावको रहेछन् । सेठ पत्नी पनि खुब सदाचरण सम्पन्न भएकी घरका काम सबै मन लगाएर गर्दथिइन् । आफ्नो लोग्ने प्रति पनि अति स्नेह पूर्वक सेवा गर्थिन् । पतिले पनि अति स्नेहले माया गर्दथियो ।

तैपनि ती युवतीले प्रव्रजित हुने इच्छा छोडेको थिएन । अतः उसको आशा थियो आफ्नो स्वामीबाट आज्ञा पाएर प्रव्रजित हुन सकुन् । तिहारको दिनमा राम्रो लुगा लगाएर र राम्रो खाना खाने चलन थियो । उसको पतिले सोध्यो– "प्रिय तिमी किन राम्रो लुगा नलगाएको ?" उत्तर दियो– "यस्तो अनित्य शरीरमा के राम्रो लुगा लगाउने ?" यस्तो कुरा सुनेर भन्यो– "तिमीत भिक्षुणी बन्नु पर्ने किन विवाह गरेर बसेको ?" ती केटीले भनिन् मेरो इच्छा त भिक्षुणी बन्नुनै हो । मेरो आमा बाबाले मेरो इच्छा बिनानै यहाँ दिएर पठाएको हो । आफू गर्भवती भएको थाहा नपाएर आफ्नो पति समक्ष आफू भिक्षुणी बन्न चाहेको इच्छा प्रकट गरिन् ।"

उसको पतिले प्रसन्नतापूर्वक आफ्नी पत्नीलाई भिक्षुणी बन्नको लागि अनुमती मात्र दिएको होइन भिक्षुणी बन्नको लागि सबै प्रबन्ध पनि मिलाइ दियो ।

ती युवती अति हर्षित भई गृहस्थी जीवन त्यागी प्रव्रजित हुन पुगिन् । तर देवदत्तले बनाएको संघमा भिक्षुणी बन्न पुगेको रहेछ ।

केही महीनापछि ती भिक्षुणीको गर्भ छिपिसकेको लक्षण देखियो । अरु भिक्षुणीहरूले यस विषयमा प्रश्न गर्दा उनीले भनिन्– "मत निर्दोष छु मेरो शील शुद्ध छ ।" उसको कुरामा विश्वास नगरी देवदत्तलाई यसको बारेमा जानकारी दिए । देवदत्तले सत्य तथ्य जाँच नगरी तुरन्तै चीवर फुकाली निकाली देउ भनी आदेश दियो ।

यो कुरा सुनेर भिक्षुणी अति दुःखित र कम्पित भइन् । उनीले भनिन्– "म कस्तो दुःख कष्ट गरेर भिक्षुणी हुन आएकी म चीवर छोडेर जान चाहन्न, म देवदत्तको शासनमा प्रव्रजित हुन पुगेको होइन । म त भगवान बुद्धकहाँ जान्छु ।" भनेर बुद्धको शरणमा गइन् ।

अन्तमा बुद्ध समक्ष गई सबै कुरा बताइन् र प्रार्थना गरिन्– "मलाई बचाइ दिनुस् र शरण लिनुस् ।"

गौतम बुद्धले सबैको चित्त शङ्का निवारण गर्नको लागि ती महिला भिक्षुणी हुनु अगाडि गर्भवती भएको हो वा भिक्षुणी भइसकेपछि गर्भवती भएको हो, यस विषयमा जाँचेर हेर्नु भनी परीक्षण गर्न विशेष समिति गठन गर्नुभयो । त्यस समितिमा विशाखा महा उपासिका, अनाथपिण्डिक महाउपासक, कोसल राजा सहित उपालि स्थविरलाई सत्य तथ्य पत्ता लगाउन जिम्मा दिनुभयो । विशाखा उपासिकाले भिक्षुणीको गर्भ परीक्षा गरेर दिन गणना समेत पत्तालगाएर गृहस्थी अवस्थामै गर्भवती भएको प्रति-वेदन प्रस्तुती गरिन् । यस परीक्षण अनुसार ती भिक्षुणीको शील शुद्ध भएको उपालि स्थविरको निर्णय थियो ।

भिक्षुणीको शील शुद्ध छ छैन भन्ने परीक्षण गर्ने तरिका सबैलाई चित्त बुझेको कुरा उल्लेख छ । भिक्षुणी निर्दोष भएको निर्णयले र बुद्धको महा करुणा भएको कारणले भिक्षुणीको जीवन सफल भयो ।

यथासमयमा भिक्षुणीले पुत्र जन्माइन् । कोसल राजाले उसलाई राजदरवारमा लगी पालन पोषण गर्न थाले । राजकुमारको रुपमा उसलाई कुमार काश्यप नाम राखियो । त्यस बेलादेखि ती भिक्षुणी कुमार काश्यप माता नामबाट प्रसिद्ध भयो ।

कालान्तरमा कुमार काश्यप बुद्ध शासनमा प्रव्रजित अर्थात् भिक्षुबनी जङ्गमा गएर उत्साह पूर्वक विपश्यना अभ्यास गरेर निर्दोष व्यक्ति अरहन्त हुनुभयो ।

तर कुमार काश्यपकी माता भिक्षुणीले आफ्नो पुत्र मात्र सम्झी रोइरहने गर्थिन् रे । पुत्र स्नेहले शोक गरिरहेकी भिक्षुणीले केही पनि आध्यात्मिक ज्ञान



Downloaded from http://www.dhamma.digital

लाभ गर्न सकिनन् । बारह वर्षसम्म पुत्र स्नेह त्याग्न सकिनन् ।

बारह वर्षपछि कुमार काश्यप जङ्गलबाट आएर नगरमा भिक्षाटन आउनु हुँदा उहाँलाई काश्यप माताले भेटेको रहेछ । आफ्नो पुत्र भनी चिनिए पछि "छोरा ! छोरा !!" भनी बोलाउँदै पछि पछिलाग्न थालिन् । कुमार काश्यपले आमाको चर्को पुत्र स्नेह भएको थाहा पाई अलि कडा मिजास प्रयोग गरी भन्नुभयो– "किन असंयमित रुपमा कराई रोई रहेको ? केको लागि भिक्षुणी बनेको ? घर त्यागेर आए पनि पुत्रस्नेह त्याग्न सकेनौं ?"

बारह वर्ष पछि भेट भएको पुत्रले आमाप्रति पटक्कै माया नदेखाई कडा मिजासले बोलेको कुरा सुनी उनीले बिरक्तिएर पुत्रस्नेह त्यागि दिए । त्यसपछि चित्त एकाग्र गरी विपश्यना भावना अभ्यास गरिकन आफूलाई चिन्न सफल भई अर्हन्त भईन् ।

❖

## धर्मकीर्ति गतिविधि

*२०६९ आश्विन १३ गते*

### विषय– बुद्धकालिन जीवक वैद्य

*प्रवचिका- कुसुम गुरुमां । प्रस्तुति- सुमित्रा तुलाधर*

यसदिन कुसुम गुरुमांले "बुद्धकालिन जीवक वैद्य" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– "जीवक वैद्य बुद्धकालिन राज वैद्य हो । चतुर्वह्मविहार गुणले पूर्ण, मृदुभाषी एवं सेवाभाव भएका जीवक वैद्य विम्विसार राजाका नाती र अभय राजकुमारका छोरोको रूपमा उल्लेख गरिएको छ। अभय राजकुमारको छोरो भएपनि उनको आमा को हो भन्ने कुरो उनलाई थाहा थिएन । किनभने जीवकलाई झाडीमा फालिएको भरखर जन्मिएको नवजात शिशुको रूपमा फेला पारिएको थियो। फालिएको उक्त नवजात शिशुको वरिपरि कागको फौजले आक्रमण गरिरहेको थियो । यस्तो दृष्य देखी अभय राजकुमारले मानिसहरू पठाई उक्त शिशु जीवित छ वा मृत्यु भइसक्यो भनी बुझ्न पठाउँदा जीवित नै छ भने कुरा थाहा पाई त्यस शिशुको नाम जीवक रहेको कुरा उल्लेख गरिएको पाइन्छ ।

अभय राजकुमारले उक्त बालकलाई दरवार ल्याई आफ्नो छोरोको रूपमा पालन पोषण गरी हुर्काएको थियो । जीवक ठूलो भएपछि तक्षशीला पुगी ६ वर्ष चिकित्सा विद्या अध्ययन गरी एक कुशल वैद्य बन्न सफल भयो । उसको गुरूले उसलाई चिकित्सा विद्या विषयमा जाँच लिनको लागि औषधी नलाग्ने विरूवा खोज्न पठाएको थियो। तर उसले औषधी नलाग्ने विरूवा एउटा पनि भेट्टाउन नसकी खाली हात फर्केर गुरू समक्ष आफ्नो असमर्थता व्यक्त गरे । जीवकको कुरा सुनी गुरूं प्रसन्न भई जीवकलाई चिकित्सा विद्यामा पारंगत एवं जाँचमा उत्तीर्ण भएको खुशी खवर सुनाउँदै जीवक सच्चा वैद्य भएको घोषणा गऱ्यो अनि जीवक तक्षशीलाबाट घर फर्कने तरखरमा लागे । तर बाटो खर्च नभएको कारणले उसलाई गुरूले नै केही रकम बाटो खर्चको रूपमा दिएर पठाए । तर साकेत नगर पुग्दा नै बाटो खर्च सकियो। उसले त्यस नगरको सेंठनी रोगले ग्रष्ट भइरहेको सुनी उनीलाई उपचार गर्न उक्त सेंठनीको घर पुगे ।

पहिला त सेठनीले भरखरको नवयुवक बैद्य जीवकलाई देखी उसले रोग निको पार्न सकला र भनी विश्वास गरेकी थिइनन् । जीवकले रोग निको भएमा मात्र दास्तुर लिने, निको नभए नलिने कुरा गरेपछि मात्र उनलाई औषधी गर्न अनुमति दिइन् । एक मात्रा मात्र औषधी प्रयोग गरेपछि नै सेंठजीको रोग निको भएको कारणले सेंठनी परिवार सबै हर्षित भई जीवकलाई प्रसस्त रूपैयाँ एकजोडा दास, र घोडा सहितको रथ समेत उपहारको रूपमा दिए । जीवक आफ्नो दरवार मा फर्किसकेपछि आफ्ना बुबा अभय राजकुमारलाई आफ्नो सम्पूर्ण कमाई अर्पण गरे । तर अभय राजकुमार खुशी भई ती सवै सम्पक्ति जीवकलाई नै फिर्ता दिए ।

विम्विसार राजालाई अल्काई रोगले सताउँदा पनि जीवक वैद्यले नै उपचार गरी रोग मुक्त पारिदिएका थिए। त्यसवेला देखि जीवक बैद्यले राजवैद्यको पदवी प्राप्त गरी राजदरवारका सदस्यहरू लगायत सम्पूर्ण भिक्षु भिक्षुणीहरू समेतलाई रोग उपचार गर्ने जिम्मा लगाइयो ।

त्यति मात्र होइन जीवक बैद्यले भगवान बुद्धलाई कब्जियत रोगबाट मुक्त पारिदिएको थियो । यसरी जीवक वैद्यले रोगी सेवा लगायत अन्य थुप्रै समाज सेवा गरी बुद्धकालिन प्रख्यात चिकित्सकको रूपमा नाम कमाउन सफल भएका थिए ।



Downloaded from http://www.dhamma.digital

# कथिन चीवरदान : बौद्धहरूको एक महान उत्वस

✍ मुनीन्द्ररत्न वज्राचार्य

नेपाल एक बौद्ध भूमि हो । प्रव्रजित भई चीवर लगाई भिक्षु नियम पालन गरी विहारमा बस्नेलाई भिक्षु भन्दछ । थेरवाद बौद्ध भिक्षुहरू आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमा तीन महिना सम्म वर्षावास बस्नु पर्ने बौद्ध विनयमा उल्लेख छ । यो चलन २६०० सय वर्ष अघि बुद्धकालीन अवस्था देखिनै रहेकोछ । सोही नियम अनुरूप नेपालका बौद्ध भिक्षुहरू पनि कुनै एक ठाउँको विहारमा गई तीन महिनाका लागि वर्षावास बस्ने चलन छ । वर्षावास सम्पन्न गरि सकेपछि वर्षावास बसेका भिक्षुहरूलाई कथिन चीवर दानका लागि कथिनोत्सव मनाइन्छ । वर्षावास बस्नुभएका भिक्षुहरूलाई श्रद्धावान उपासक उपासिकाहरूले कथिन चीवर दान गर्नेछ । बौद्ध विनयमा उल्लेख अनुसार कथिन चीवर दान अत्यधिक महत्वपूर्ण तथा अष्ट महाकुशल दान मध्य यो दान अग्रपंक्तिमा रहेको छ । यो चलन भगवान बुद्धको समय देखि नै अछुण्ण रूपमा बौद्ध देशहरूमा चल्दै आएका छन् । नेपालमा थेरवाद बुद्धधर्मको पुर्न:उत्थान भएपश्चात कथिन चीवर दान गर्ने परम्परालाई मनाउँदै आइरहेको छ । आश्विन पूर्णिमाको भोलिपल्ट देखि कार्तिक पुर्णिमाको दिनसम्म बौद्ध विहार विहारमा कथिन चीवर दान उत्सव बडो उत्साह र उँमगले हुने गर्दछ ।

बौद्ध संस्कृतिलाई हेर्दा कथिन चीवरदान उत्पत्ति सम्वन्धमा भिक्षुहरूले लगाउने वस्त्रसंग सम्वन्ध रहेको छ । कथिन चीवर भन्नाले भिक्षुहरूले लगाउने वस्त्र उत्तरासंघ (भिक्षुहरूले लगाउने बाहिरी वस्त्र), संघाति (दुबै पट्टि भएको चीवर) अथवा अन्तरवासक (तल लगाउने् लुंगी) आदि आउन्छ । कथिन दानको बारे बुद्धकालीन घटना छ । कुनै समय भगवान बुद्ध श्रावस्ती जेतवन विहारमा बसिराख्नु भएको थियो । भगवान बुद्धले वर्षावास सकिएर आएका भिक्षुगणहरूलाई वर्षावास राम्ररी बितायौ कि बिताएन भनि प्रश्न गर्दा उनको जवाफमा भिक्षुहरूले आफ्नो आफ्नो गुनासो सुनाए । बाटोमा वर्षा र हिलोको कारणले गर्दा लगाइराखेको चीवर सबै फोहर भएको र चीवर फेर्नलाई अरू चीवर नभएका कारण साह्रै दु:ख कष्ट सहनु परेको वृतान्त भगवान बुद्धलाई सुनाए । अनि भगवान बुद्धले विनयपूर्वक वर्षावास सुसम्पन्न गरेको भिक्षुहरूलाई कथिन चीवर दान ग्रहण गर्न अनुमति यसरी दिनुभयो । भगवान बुद्धले भन्नु भयो “अनुजानामि भिक्खवे वस्सं वत्थानं, भिक्खुनं कथिनं अठ्ठरितुं अर्थात् भिक्षुहरू वर्षावास सम्पन्न भइसकेकाबाट भिक्षुहरूलाई कथिन चीवर अष्टरण गर्न मैले अनुमति दिएँ ।” यस्तै विनयपूर्वक वर्षावास बसेका भिक्षुहरूले आश्विन पूर्णिमाको भोलिपल्ट उपोसथागार (सीमा गृह) मा गई भिक्षु संघमा पवारणा गर्नु पर्दछ । पवारणा भनेको वर्षावासको अवधिभर आफूले गरेको दोष वा आपत्ति अथवा भिक्षुसंघले देखेको सुनेको वा शंका लागेका कुनै दोष वा आपत्तिहरूलाई देखाइ दिन अनुरोध गरी ती दोषहरूको क्षमा माग्दछन् र पछि फेरि गल्ती नदोहोऱ्याउने सुधार गर्दै जाने अधिष्ठान गर्ने गरीन्छ । उपोसथ गृहमा भिक्षुसंघ सामु भिक्षुहरू पवारण गर्ने परम्परा छ ।

जुन विहारमा भिक्षुहरू तीन महिना रहने अधिष्ठान नियमपूर्वक समाप्त हुन्छ त्यस खुशियालीमा उपासक उपासिकाहरूबाट कथिन चीवर दानका लागि निश्चित विहारका भिक्षु, श्रामणेर र गुरुमांहरूलाई समयमै निमंत्रणाको आव्हान गरि यो महान पर्व मनाउन्छ । धेरै श्रद्धा र दृढ चित्त राखेर गर्नु पर्ने यो दान बुद्धशासनको महाकुशल मध्ये यो एउटा ठूलो दान हो । चीवर दानको अवसर पारेर अहोरात्री महापरित्राण पाठ गर्ने चलन पनि छ । ठूल ठूला विहारहरूमा अष्टपरिष्कारको पनि दान हुने गर्दछ । यस उत्सवमा निकै श्रद्धालु भक्तजनहरू दान दिनका लागि घुँइचो लागेको हुन्छ । अचेल यस समारोहमा विविध पुस्तक, ग्रन्थ तथा क्यासेटहरूको समेत सार्वजनिक गर्ने तथा अरू विविध कार्यहरू पनि गर्ने गरेको पाइन थाल्यो । कथिनोत्सव मान्न आजको महँगी जमानामा निकै कठिन महशुस हुन्दै आएको छ । विशेषत: काठमाडौं, ललितपुर र भक्तपुर, काभ्रेमा प्राय: प्रत्येक विहारहरूमा कथिनोत्सव धुमधामसँग मनाउने प्रथा नै बस्दै आएको छ । कथिनोत्सव मान्नु विहार र भिक्षुहरू र उपासक उपासिकाहरूको लागि प्रतिष्ठा र गर्वको विषय बन्न पुगेको छ । हुन पनि बुद्धकालीन अवस्था देखि आजसम्म चलिआएको वर्षको एकचोटी गरिने कथिन चीवरदान बुद्धशासनको राम्रो र महान फलदायी पुण्यकर्म नै मान्न सकिन्छ । आजकाल कथिनोत्सव यहाँ समस्त बौद्धहरूको संस्कृति र परम्पराको रूपमा नै जग बसालि सकेको छ । यसलाई निरन्तरता दिनमा कुनै कमि आएको छैन । सबैले यथाश्रद्धाले मनाउन्दै आएका छन् । यस कथिनोत्सव परम्परा संस्कृति र जात्राको रूपमा नभई नेपालको थेरवाद बुद्धधर्मको जीवन्त दिन र यसले आध्यात्मिक ज्ञान अभिवृद्धि गर्ने, चारित्रिक सुधार र मानसिक सुख शान्ति विकास गर्ने तर्फ पनि रचनात्मक काम हुने गर्दछ ।

कथिन उत्सवमा विदेशका बौद्ध श्रद्धालु भक्तजनहरू पनि नेपालका विभिन्न विहारहरूमा सहभागी हुन्दै आएका छन् । हुनत यो कथिनोत्सव नेपालमा मात्र होइन बौद्ध भूमि श्रीलंका, थाइलैण्ड, वर्मा, कम्वोडिया,भारत, बंगलादेश आदि देशमा पनि उत्तिकै श्रद्धा राखेर यो उत्सव मनाउने गरेको छ । नेपालमा बुद्धको जन्म भएको हुनाले यहाँ बुद्धप्रति सबैले श्रद्धा गर्ने गरेको छ । यहाँ धार्मिक समन्वय र समभ्रुदारी भएकोले समस्त बौद्ध होस् हिन्दू बुद्धको जन्मभूमिमा यो बौद्ध संस्कृतिको विशेष कथिनोत्सव परम्परालाई जीवन्त दिएर यसको निरन्तरतालाई जोगाइ राख्न सबैको कर्त्तव्य हुन आउँन्दछ: नेपालमा पनि थेरवादी बौद्ध विहारहरूको स्थापना धेरै भईसकेका छन् । यी कथिन उत्सवमा समस्त बौद्धहरू सरीक भएमा नेपालको वास्तविक बुद्ध जन्मेको देश भनि विश्वभर यसको महत्व बोध हुनेछ ।

❖



Downloaded from http://www.dhamma.digital

# पाटी विहारको एक परिचय

✍ शील गौतमी

काठमाडौंबाट ८ कि.मि. पूर्वमा र भक्तपुर जिल्लाकै पश्चिम भेगतिर पुरानो थिमि जिल्लाको मुखमा पाचो टोलमा यो पाटी विहार अवस्थित छ । यो विहारमा स्वयम्भूको जस्तो आकार भएको चैत्य बाहिरैबाट देख्न सक्छौं । यो विहार थिमिका ९ वटा वज्राचार्यहरूको चुडाकर्म गर्ने वहा वहीमध्ये एउटा हो । तर हाल यो स्थविरवादी विहारको रुपमा रुपान्तरण भइरहेको छ। यो २०२५ सालतिर स्थापना भएको हो ।

यो विहार विहारको स्वरुप हुनुभन्दा पहिला यस स्थानमा महिलाहरूको सार्वजनिक शौचालय र वरिपरि मानिसहरूको फोहोर फ्याँक्ने स्थान थियो। २०२३ सालतिर भक्तपुरको मुनिविहारका एक श्रामणेर मुनिज्योति धर्म प्रचार गर्ने उद्देश्यले पाचो टोलको पाटीमा बस्नु भएको थियो । उक्त पाटीमै सर्वप्रथम शील प्रार्थना र पुजा गरि यो । यसरी स्थविरवादी विजारोपण भएको थियो । भिक्षु मुनि ज्योतिकै प्रयासमा काठमाडौंको गणबहाल विहारमा बसिराख्नु भएको बौद्ध ऋषि महाप्रज्ञालाई निमन्त्रणा गरी साप्ताहिक धर्मदेशना कार्यक्रम गर्न थालियो ।

यसरी बौद्ध ऋषि महाप्रज्ञाको प्रवचनबाट प्रभावित भई उक्त स्थानमा विहार बनाउनका लागि सरसफाई गरियो । त्यसै क्रममा त्यहाँ करिब ४ फिटको उचाई भएको वर्गाकार ढुङ्गाको स्तम्भ फेला पर्‍यो । उक्त स्तम्भको माथि चैत्य पनि रहेछ । त्यसमा शिलालेख कुँदिएको थियो। तर खिइएको कारणले राम्ररी बुझिँदैन ।

उक्त स्थानमा फेला परेको चैत्यको कारणले थिमिको ९ वटा वहा वही मध्ये यो पाटी विहार पनि एउटा हो भन्ने कुरा स्पष्ट हुन्छ ।

पाटी विहारको विकास गर्ने उद्देश्य राखी औपचारिक रुपमा श्रद्धेय भिक्षु सुबोधानन्द महास्थविरको धर्मानुशासकत्वमा तत्कालिन चपाचो गाउँ पँचायतको प्रधानपञ्च श्रीगोपाल प्रजापतिको संरक्षकत्वमा तत्कालीन अध्यक्ष चन्द्रबहादुर प्रजापतिको अध्यक्षतामा १३ सदस्यीय "पाटी विहार जिर्णोद्धार समिति" २०२५ ज्येष्ठ २६ गतेका दिन गठन गरियो । यस समितिको गठनपछि बुद्धपूजा गर्ने एउटा हल र भिक्षु बस्ने एउटा आवास हल बनाइयो र उक्त हलमा राख्नको लागि महाप्रज्ञाले ३.५' फिटको सिमेन्टको बुद्धमूर्ति र आफ्नो शालिक विहारमा प्रदान गरियो ।

समयानुकूल विहारको विकास एवं धर्म प्रचार प्रसार गर्ने क्रममा भिक्षु मुनिज्योतिको धर्मानुशाकत्वमा ११ सदस्यीय "पाटी विहार सहयोग समिति" नामक समिति गठन गरियो । त्यस पश्चात थिमिको टोल लगायत वरपरका ठाउँ नगदेश, बोडे, सरस्वतीखेल, लो कन्थलीसम्म बुद्धपूजा तथा धर्मदेशना कार्यक्रम शुरु गरी विहारको भौतिक निर्माणको कार्य पनि थालनी गरियो । यसरी भिक्षुहरू बस्ने ३ कोठा, प्रव्रजित गुरुमांहरू बस्ने २ कोठा, बुद्धपूजा गर्ने, सभा कक्षा, जलपान गृह, भण्डारकोठा, भान्छाकोठा आदि गरी १३ कोठा हालसम्म बनिसकेको छ ।

यसरी नयाँ भवनहरूको निर्माण पश्चात् पहिला बनाइएको बुद्धपूजा गर्ने हल वर्षायाममा पानी चुहिएर बुद्धपूजा गर्न असजिलो भइसकेको थियो । सबैको सल्लाह बमोजिम उक्त हललाई भत्काइ स्वयम्भू चैत्यको स्तुपा बनाई भित्र बुद्धपूजा गर्न हल बनाउने निर्णय गरियो र २०५० ज्येष्ठ २६ गते रजत जयन्तीको उपलक्ष्यमा भिक्षु संघ, प्रव्रजित गुरुमां संघ र आजीवन सदस्यहरूलाई निमन्त्रणा गरी एक भव्य कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा विहारका पदाधिकारीहरूले स्वयम्भू चैत्याकार को रुपमा विहार बनाउने योजनाको प्रकास पारे । त्यस पश्चात् काठमाडौंका डल्लु निवासी न्हुच्छेबहादुर मानन्धर परिवारबाट रु. १५,०००/– र विहारका केही सदस्यहरूले ८ वटा पिलरको जिम्मा लिएपछि २०५० पौष २५ गते साप्ताहिक धार्मिक कार्य शुरु गरे । श्रद्धेय भिक्षु सुबोधानन्दको धम्मानुशासकत्वमा निर्माण संयोजक श्रीगोपाल प्रजापतिले चैत्यको शिलान्यास गरियो ।

करीब २ रोपनी क्षेत्रफल भएको विहारको बीचमा स्तुपको निर्माण गरियो । उक्त स्तुपको निर्माण कार्यको लागि विहारका उपासक श्यामकृष्ण मानन्धरको कन्सल्टेन्सीमा स्थानीय इन्जिनियर सुरेश श्रेष्ठको डिजाइन अनुरुप सम्पन्न गरियो । १८x१८ फिटको क्षेत्रफल भएको गोलो स्तुपमा ९ फिटको पिलर उठाइ उक्त पिलरबाट १८ फिटको अर्ध वृत्ताकार स्तुपमा निर्माण भएको थियो। स्तुपको बीचमा ६ फिटको ४ वटा पिलर उठाई त्यस माथि १०x१० फिटको Slab ढलान गरिएको थियो । उक्त Top Slab बाट करीब २१ फिटको त्रेता भुवन राखियो । यसरी उक्त स्तुपको तयारी सम्पन्न भएपछि जमिनबाट करीब ५६ फिटको र त्रेता भुवन २१ फिट अग्लो थियो । उक्त त्रेता भुवनको खर्च गुण सिनेमा हलका



Downloaded from http://www.dhamma.digital

प्रोपाइटर जितेन्द्र शाक्य र वहाँको मुमा मोतीमाया शाक्य परिवारबाट ब्यहोरेको थियो । उक्त स्तुप बैशाख पूर्णिमा २५४७ औं बुद्ध जयन्तीमा निर्माण सम्पन्न भएको थियो । त्यस्तै स्तुप भित्र जाने उत्तर पूर्व र पश्चिम दिशामा तीनवटा तोरण सहितको कलात्मक ढोका रहेको छ । त्यस तोरणमा शाक्यमुनि बुद्धको जीवनीसँग सम्बन्धित चार संवेदनीय स्थलको प्रतिकहरू कुँदिएको छ भने ढोकामा पनि कुँदिएको छ । यो चैत्यको लागि ढोका, झ्याल वा टिकिझ्याल मान भवनका साहु मोतीलाल शिल्पकारले प्रदान गर्नुभएको थियो ।

त्यस हलभित्र १३ फिटको तामाको ढलान गरिएको बसिरहनु भएको बुद्धको निर्माण विहारमै गरिएको थियो । सायद नेपालमा तामा ढालेर बनाइएको ठूलो बुद्धमूर्ति पहिलो यो नै हुनसक्छ । यो मूर्तिमा लगभग ३००० किलो तामा खर्च भएको थियो । यो मूर्ति निर्माण गर्न यहाँका श्रद्धालु मात्र होइन काठमाडौं, ललितपुर र भक्तपुर सबै ठाउँका उपासक उपासिकाहरूले आ-आफ्नो घरमा भएको धातुका भाँडा-कुँडाबाट बनाइएको थियो । यो बनाउने पहिला धातु संकलन गरियो । तर आर्थिक अवस्था कमजोर भएको कारणले पहिला टाउको निर्माण गरियो त्यो टाउको बुद्ध जयन्तीको दिनमा स्वयम्भू, पाटन गरी ठाउँ-ठाउँमा प्रदर्शन गरी चन्दा संकलनका लागि राखियो । त्यसरी राख्दा एकैदिनमा रु. ४०,००० संकलन भयो । यसरी चन्दा संकलन गरी बुद्ध प्रतिमाको अन्य भागहरू पनि बनाइयो । भाँडा कुँडाहरू १५०० किलो संकलन भयो र अर्को १५०० किलो यही विहारका उपासक श्यामकृष्ण मानन्धरको सक्रियतामा सिमिजु र सिनिरियो कम्पनी जापानबाट लगभग १५०० किलो जति तामाको पाइप प्राप्त भएको थियो ।

यसरी करिब १३ फिटको बुद्धमूर्ति बनाउने कलाकार थिमि निवासी श्री लक्ष्मीकृष्ण प्रजापति हुन । वहाँको सक्रियतामा उक्त बुद्ध मूर्ति निर्माण भएको हो । सर्व प्रथम श्री लक्ष्मी प्रजापतिको अगुवाइमा गणेश बहादुर र गणेश कुमार प्रजापतिको सहयोगमा माटोको मूर्ति तयार गरिएको थियो । त्यसमा प्लास्टर पेरिसबाट साँचो बनाएपछि मैनको मूर्ति बनायो । उक्त मूर्ति तयार गर्न प्रमुख रुपमा प्राविधिक सल्लाह ओकुबहाल बस्ने श्री राजभाई, महेन्द र खड्गराज शाक्यहरूले दिनुभएको थियो । मूर्तिलाई ढाल्ने कार्य थेचो निवासी श्री श्याम महर्जनको नेतृत्वमा कृष्ण महर्जन लगायत अरु धेरै कलाकारहरूले सहयोग गरेका थिए । करीब १० टुक्रामा ढालिएको उक्त मूर्तिलाई जोड्नको लागि पाटन ग्वार्को निवासी माधव नकर्मीले आवश्यक सहयोग गर्नुभयो । ज्ञानु शाक्यले रङ्गरोगन गर्नुभयो भने त्यसमा राखिएको स्थानमा परम्परागत नेपाली इँट्टाबाट आसन तथा कमलको फूलको पात श्री दक्षिण बाराही ईट्टा उद्योगका प्रोपाइटर श्री हेराकाजी महर्जनले बनाई दिनुभयो । यसरी प्रत्यक्ष अप्रत्यक्ष श्रद्धालु महानुभावहरूको सहयोगबाट बुद्धमूर्तिको निर्माण कार्य भएको थियो ।

यसरी २०२२ सालतिर सार्वजनिक शौचालयको रुपमा रहेको उक्त स्थानमा विहारको स्थापना भएपछि क्रमशः निर्माण कार्यको थालनी भएको हो । यसरी नै निर्माण गर्दै जाँदा सबै श्रद्धालु महानुभावहरूको सहयोगमा नेपाल देशकै प्रथम स्वयम्भू चैत्यकार विहार र नेपालमै ढालिएको अग्लो बुद्धमूर्ति यस विहारमा स्थापना गर्न पाटी विहार सक्षम भएको थियो ।

यसरी नै समयानुकूल विहारको विकासका लागि "पाटी विहार सहयोग समिति" पुनः थपघट गरी पुनः गठन गरियो । यस समितिको पहलमा २०६८ साल मंसीर महिनामा स्वयम्भू चैत्यकारको मूल ढोकाको ठीक पछाडि (दक्षिण दिशा) को भवन भत्काई पुनः नयाँ भवन बनाउँदै छन् । हाल २ तल्ला भएको छ । तल्लो तलाको काम लगभग सकिनै लागेको छ र यो जलपानको लागि प्रयोग गर्दै आइरहेको छ भने माथिको काम आर्थिक अभावको कारणले सबै काम बाँकी रहेको छ । यो भवन निर्माणका लागि मध्यपुर थिमि नगरपालिकाको एउटा जे सिस प्रोजेक्टबाट आर्थिक सहयोग गरेको थियो ।

हाल यो विहारको बिचमा रहेको स्वयम्भू चैत्याकार को चैत्य ठाउँ-ठाउँमा चिरापरेको देखिन्छ । यस समितिले पनि आर्थिक कमजोरीको कारणले केही गर्न नसकेको देखिन्छ भने रङ्गरोगन पनि गर्न आवश्यक भएको देखिन्छ । यस्तो स्वयम्भू चैत्याकार ठूलो चैत्य थेरवादी विहारहरूमा कमै भेटिन्छन् । यस्तो ऐतिहासिक चैत्यको वा कलात्मक चैत्यको संरक्षण तथा सम्वर्द्धन गर्नु तपाईं हामी सबै जना जिम्मेवार हौं । यसरी हाम्रो कलात्मक संरक्षणले नै हाम्रो संस्कृतिको पहिचान दिलाउन सक्छौं र भावी पुस्तालाई राम्रो र उपयोगी शिक्षा दिलाउन सक्छौं । यसरी हाम्रो सांस्कृतिक सम्पदाले देशको गौरब बढाउँछन् । त्यसकारण यस चैत्यलाई पनि समयमै पुनः निर्माण गर्न सबैको ध्यान जाओस् । यस्ता कलात्मक तथा ऐतिहासिक विहार, गुम्बा जस्ता धार्मिक स्थलहरूको अस्तित्व जोगाइ राख्नु हामी सबैको कर्तव्य हो । ❖



Downloaded from http://www.dhamma.digital

# निर्वाणकामीका नाममा जागरण–पत्र

हामी अहिले कामलोकमा छौं । कामगुणका वस्तुहरू हाम्रा वरिपरि छ्यास्छ्यास्ति छन् । कहिले यो कामगुणले त कहिले त्यो कामगुणले हामीलाई तानिरहे को छ । हामी तिनको पकडबाट उम्किनै सकेका छैनौं । जति उम्कने बल गरे पनि उम्कनै सकेका हुँदैनौ – चाकुमा टाँसिएका झिङ्गाझैं ।

कामगुणका वस्तुहरू हाम्रा कोठाभरि छन् । जहाँ हेऱ्यो त्यहीं कामगुणका वस्तुहरू व्याप्त छन् । झ्यालबाट हेरे पनि, बाहिरफेर गए पनि, बजार घुमे पनि, साथीभाइकहाँ गए पनि, सभा, समारोह, जात्रा-मात्रा, उत्सव-पर्व, पूजा-आजा, खेल-तमासा, नाचगान, विवाह-उत्सव इत्यादि जुनसुकै अवसरमा पनि कामगुण वस्तुहरूको विज्ञापनछ र हाम्रा मन तान्न पर्याप्त छन् । वस्तुहरूमात्र होइन, व्यक्तिहरू पनि हाम्रा मन तान्न त्यत्तिकै लागेका हुन्छन् । हामी जे गर्छौं, आफू र आफ्ना भनाउँदाहरूको सुखको खातिर प्रस्तुत हुन्छौं । आफ्ना भनाउँदामा घरकै साना-ठूला सदस्यहरू र आफन्तहरू पर्न आउँछन् । छोरा-छोरी, पति-पत्नी, माता-पिता, दाजु-भाई, दिदी-बहिनी, काका-काकी, मामा-माइज्यू, साथीसंगी, इष्टमित्र, नातागोता, छरछिमेकी इत्यादि मनले खाने वा मनले नमान्ने ब्यक्तिहरू नै आउँछन् । तिनीहरूको खातिर काम गर्नुपर्ने, इज्जत थाम्नुपर्ने, धाकधक्कु देखाउनुपर्ने, जसरी हुन्छ नाक ठड्याउनुपर्ने बाध्यता जन्मिन्छ ।

हाम्रा आँखाले कामगुणका वस्तुहरूलाई नै हेर्न चाहिरहेका हुन्छन् । कानले कर्णप्रिय शब्द, कोइलीको जस्तो कण्ठस्वर, संगीतको झन्कार र प्रशंसाका शब्दहरू सुन्न चाहिरहेका हुन्छन् । नाकले सुगन्ध वा मनभावन गन्धको खोजि गरिरहेको हुन्छ । जिब्रोले मिठो, स्वादिष्ट र मनलाई लोभ्याउने स्वादहरू चाख्न चाहिरहेको हुन्छ । त्वचाले नरम, न्यानो, कोमल स्पर्शको प्रतीक्षा गरिरहेको हुन्छ र मनले राम्रो अनि सुखद् विचार वा कल्पनाको प्रवाह चलेको र त्यस्तै प्रवाहमा बग्न चाहिरहेको हुन्छ । ती सबै चाहनाको पूर्ति गर्न गराउन हामी हर्दम तम्सिरहेका हुनेछौं । हामीलाई ती कामगुणका वस्तुहरूबाट कति पनि र कहिले पनि त्राण पाउने जोहो छैन । हाम्रा सारा समय, दिमाग र इन्द्रियहरू तिनका इच्छा पुरा गरिदिनमा घाम-पानी, थकाइ, निन्द्रा, भोक-प्यास, असिना-पसिना नभनी ती इच्छामा हेलिनमा तत्पर भइरहेका हुन्छन् ।

यस्तै गरेर वा भएर अहिले यो जन्ममात्र होइन, असंख्य जन्म बिताएर आइसकेका छौं । अनमतग्ग संसार को त्यो छेउदेखि यो छेउसम्म पनि ती कामगुणका वस्तुबाट अलग हुन सकिरहेका छैनौं । न त हामीले आफूलाई नै चिनिरहेका छौं न त अरुलाई नै । हामीलाई ध्याउन्ना छ त हाम्रा इन्द्रियहरूको इच्छापूर्तिमा । आफ्नो शरीरतकलाई चिन्न जान्न सकिरहेका छैनौं, मनलाई त अझ परै राखौं ।

हामी कहाँबाट, किन आयौं र कहाँ जाँदैछौं, के गर्न जाँदैछौं भन्ने कुराको हेक्का हामीलाई पटक्कै छैन । फ्याङ्फ्याङ्ती हिंडिरहेका छौं । कता जाने हो भन्ने टुङ्गो नै छैन तैपनि खुट्टा चालिरहेका छौं । बाटो सही हो होइन, गन्तव्य सही हो होइन भन्ने कुराप्रति हाम्रो चासो नै छैन । हिंड्दा कतीपल्ट भीरबाट खङ्गारियौं, कतिपल्ट उठ्नै नसक्ने गरी खाल्डोमा जाकियौं र पुरियौं, कतिपल्ट जङ्गली जनावरको आहार बन्यौं, कतिपल्ट खहरे खोलाले बगाएर समुद्रमा मिलाइदियो, कतिपल्ट राक्षसको मुखमा पऱ्यौं, कतिपल्ट मृत्युले निल्यो, तिनको हिसाब किताब नै छैन । के के भयौं भन्नुपर्दा केके भएनौं भन्नुपर्ने अवस्था छ । अनेक अनेक जन्मको क्रममा हाम्रो शरीरमा कहिले पुच्छर झुण्डियो, कहिले टाउकोमा सिंग ठडिए, कहिले सिंग र पुच्छर दुवैले सहित भइए ।

कहिले खुट्टै नभएका, कहिले दुई खुट्टा भएका, चार खुट्टा भएका, छ खुट्टा भएका, आठ खुट्टा भएका त कहिले सैयौं खुट्टा भएका भएर जगतमा देखापर्दै, अल्पिदै लुकामारी खेल्दैआयौं ।

हामी त फाल्तु जोकरमात्र बन्यौं, हिरो कहिल्यै हुन सकेनौं । दासमात्र बन्यौं, मालिक कहिल्यै हुन सकेनौं । सक्नु पनि कसरी ? दासत्व कबुल गरेर इन्द्रियको चाकडी गर्न नछोडे पछि ! आफूमा अलिकति भएको



Downloaded from http://www.dhamma.digital

विवेक बुद्धिलाई पनि घाँस खुबाउन थाले पछि ! बुज्रुक, ज्ञानी सन्तहरूको अर्ति उपदेशलाई धोती लाउन थाले पछि !

यसरी आफूलाई ठग्ने प्रवृत्ति हामीले आजमात्र लिएका होइनौं । सृष्टिको प्रारम्भदेखि अभ्यस्त हुन थालेका हौं । चेतनाको जागरण नभइदिनाले, ज्ञानपुञ्जलाई आफूमा नभित्र्याइदिनाले, शिक्षा उपदेशलाई बहिरो कान फर्कादिनाले आजसम्म त्यही हालतमा भौंतारि रहेका छौं । अब पनि कतिसम्म यसरी रुमल्लिने हो, थाहा छैन ।

अब त अचाक्ली भयो । यो सुताई र घुराइ बन्द गर्नुपर्ने अब ! प्रमादको निन्द्राबाट सदाको लागि जाग्नुपर्छ अब ! आलस्यताको धुलोमुलो टक्टकाउनुपर्छ अब ! पर क्षितिजबाट प्रतिध्वनित बुद्ध वाणीका धुनहरूमा कान थाप्नुपर्छ अब ! इन्द्रिय सुखलाई तुच्छ ठानी विमुक्ति सुखको रसास्वादन गर्न तम्सनुपर्छ अब ! पाइलाहरू मुक्ति मार्गमा चाल्नुपर्छ अब ! मन, वचन र कर्मले सम्यक–कर्म सम्पादन गर्नुपर्छ अब ! मनलाई निर्मलतातिर झुकाउनुपर्छ अब !

क्षितिजमा भानोदय भइसक्यो । धर्मका वाणीहरू बुलन्द भइसके । बुद्ध रश्मि नभमा फिंजिसके । धर्मको घमाइलो घाम लागिसक्यो । चराचुरुङ्गीका चिरबिरले प्रभातकालको बिगुल फुकिसके । जाँगरिला किसान दाइहरूले कर्म क्षेत्रमा पाइला बढाइसके । कर्मठ कर्तव्यपरायण नारीहरू प्रभावकालीन काम सकाई पूजा आराधनामा प्रवृत्त भई चुलाचौकामा जुटिसके । धर्मको घण्टी बजिसक्यो । धर्मरुपी किरण झ्यायाल ढोकाबाट छिरिसके । अब पनि ओछ्यान नछोड्नु लाजमर्दो भइसकेको छ । अबेर भइसकेको छ । उठौं, जागौं र धर्ममा प्रवृत्त होऔं ।

मङ्गल कामना सहित – **दो. र. शा**

**धर्मप्रचार समाचार**

## दान गरिएको आँखाको सफल प्रत्यारोपण भएको

नगदेश बुद्ध विहारका उपासक कृष्ण वसी देहावसान भएको समाचार छ । प्राप्त समाचार अनुसार ५८ वर्षिय कृष्ण वसीको परिवारजनको सहमतिमा दुइवटै आँखाहरू तिलगंगा आँखा प्रतिष्ठानलाई दान गरिएको थियो । दान गरिएका ती आँखाहरूमध्ये एउटा आँखा पश्चिम नेपालका दाङ्ग निवासी ५५ वर्षिय शाक्य थरका प्रौढ व्यक्तिलाई सफल प्रत्यारोपण गरिएको थियो भने अर्को आँखा काठमाडौंको डाँछी थली निवासी ४० वर्षिय “दाहाल” थरकी महिलालाई सफल प्रत्यारोण गरिएको थियो । नेत्र दान जस्तो पूण्य कार्यले सञ्चित पूण्य दिवंगतको पूण्यस्मृतिमा नगदेश बौद्ध समूह परिवारले पूण्यानुमोदन गरिएको थियो ।

## संघ भोजन

*२०६९ आश्विन २७ शुक्रवार*

*स्थान- सुमंगल विहार*

अग्गमहा सद्धम्म जोतिकधज, नेपाल बौद्ध परियत्ति भिक्षु बुद्धघोष महास्थविर दिवंगत हुनु भएको एक वर्ष पूर्ण भएको उपलक्ष्यमा उहाँको पुण्य स्मृतिमा संघ भोजन कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

शील प्रार्थना र बुद्ध पूजा पश्चात् भिक्षु बुद्धघोष महास्थविरको संक्षिप्त जीवनी प्रस्तुत गरिएको उक्त सभामा संघनायक भिक्षु अश्वघोषबाट धर्म देशना गरिएको थियो । यसरी नै सभामा भिक्षु बुद्धघोष महास्थविरको प्रवचन सी.डि. विमोचन गरिएको छ ।

## भूल सुधार

**बु.सं. २५५६ अनला पुन्हि, धर्मकीर्ति वर्ष ३०, अङ्क ५ को पेज २० मा धर्मकीर्ति विशेष सदस्य क्र.सं. ७२२ जीवन पलांचोके हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्याइएको छ ।**

**– प्रमुख व्यवस्थापक**



Downloaded from http://www.dhamma.digital

# परम्परावाद विरुद्ध बुद्धया पलाः

✍ सुनिता मानन्धर

चालचलन हिले धयागु उलि अःपु मजू । अन्धविश्वासय् न्ह्यानाच्वंगु परम्परा जुइमा वा संस्कृति कथं न्ह्यानाच्वंगु परम्परा जुइमा उकियात त्वाःथलेगु धयागु छगूकथं समाजया विरोध यायेगु हे खः । थुकथं समाजयात हाथ्या बियाः न्ह्याः वनेत छगू कथंया अदम्य साहस व आँट नं याये फयेकेमाः । सुनानं धाइ ल्हाइ धकाः ग्याःचिकु पहः पिकयाच्वंत्तले परम्परायात हाचां गाये फइ मखु । मखुगु, मभिंगु, मनीगु, खँयात मखु, मभिं, मनी धकाः सत्य तथ्य कथं हे न्ह्यब्वये फयेमाः । खयृत ला दकले न्हापा थुकथंया पलाः न्ह्याकेगु इलय् समाजं मनालेफु । सकसिनं विरोधीया मिखां स्वयेफु । तर यदि थम्हं छिनागु पलाः सत्य व तथ्य खः धइगु जूसा न्हापां पंगः वःसां लिपा सफलताया लँपु जूवनेफु । सत्यताया लँपु ज्वनाः न्ह्याःवने फःसा सफलता प्राप्त जुइगु खँ बौद्ध साहित्यय् यक्व हे थासय् न्ह्यथनातःगु दु । सत्यया लागिं परम्परा व रितिथितियात भगवान बुद्धं स्वयमंःत्वाःथलाः पलाः न्ह्याका बिज्याःगु दु ।

खयृत ला सिद्धार्थयात बुद्ध हे जुइ धकाः छम्हसिनं जक ठोस भविष्यवाणी याःगु खः । न्ह्यम्हसिनं थुकिया विकल्प कथं चक्रवर्ती जुजु जुइ धाःगु खः । चक्रवर्ती जुजु जुयाः याउँक जीवन हने दुम्ह सिद्धार्थ गृहत्याग यायेगु धइगु नं छगू कथंया साहसी ज्या हे खः । छम्ह जुजुया काय् दरवारया ऐश आराम त्वःताः भिक्षु जुयाः जीवन हने धयागु नं अःपुगु ज्या मखु । तर न्ह्याथे हे थाकुगु जूसां थःगु आज्जुइ थ्यंकेया लागि दृढ संकल्प हे याःगु खः । सुं हे शाक्य जुजुं मयाःगु ज्या न्हापांगु पलाः कथं सिद्धार्थं न्ह्याकूगु खः । थ्व हे पलाःया सफलतां हे सिद्धार्थयात बुद्ध याना बिउगु खः ।

थौं नं यदि सुं धनाढ्य मनूया मस्तय्सं सुयाकें छुं कयाः नल धाःसा उम्ह मनूया इज्जत वंगु तायेकी । सिद्धार्थ ला छम्ह राजकुमार । सिद्धार्थ बुद्ध जुइ धुंकाः कपिल वस्तुइ छेँय् छेँय् वनाः भिक्षाटन बिज्याःगु इलय् जुजु शुद्धोधनं गथे मन तये फइ ? उकिं हे शुद्धोधन जुजुं छलपोलं जिमित छाय् बेइज्जत यानाबिज्यानागु ? छु जिं छलपोलयात भोजन याके मफुला धकाः धाःगु खः । तर बुद्धं थः बुद्ध वंश जूगुलिं थुकथंया ज्या यायेमाःगु खँ ध्वाथुइका बिज्याःगु खः । अबले बुद्ध थः राजवंश धकाः च्वंगु जूसा नगरं नगरय् गामं गामय् छेँखापतिकं भिक्षाटन बिज्याइ मखु जुइ ।

सिद्धार्थं याःगु मेगु चुनौतिया ज्या धइगु गुरुया आश्रम त्वःतूगु खः । उगु इलय् अतिकं नादंपिं गुरुपिं आलारकालाम व उद्दकरामपुत्रपिं खः । इपिंपाखें आकिञ्चन्यायतन व नैवसंज्ञाना-संज्ञायतनया वारे सयेकल । तर उकी थः सन्तुष्ट मजुइवं गुरुया आश्रम त्वःता थम्हं हे धर्मया बारे सीकेगु (थुइकेगु) बिचाः यात । थन थः अतिकं सयाः मखु अझ बांलाक थुइके माल धइगु वाःचायेकाः हे गुरुपिनि आश्रम त्वःतूगु खः । यदि थुगु इलय् सिद्धार्थ गुरुपिनि आश्रम मत्वःतूगु जूसा भविष्यय् बुद्ध जुइगु लँपु नं चाली मखु जुइ ।

अथे ला बुद्ध धर्म कथं झीसं पालना मयासे मगाःगु शील खः । शील मनूया आधार कथं न्ह्यथनातःगु दु । शील पालना यायेगु धयागु नं परम्परा व कुरीतिया विरोध यायेगु हे खः । थन छगू दसु कथं बलि प्रथायात कायेफु । बलि प्रथा झीगु समाजया छगू परम्परा व संस्कृति कथं कायम दु । द्यः लय्तायेकेया लागि वा थःगु इच्छा पूवंकेया लागि वा थःगु परम्परा न्ह्याकेया लागिं धकाः बलि प्रथा थौंतले नं न्ह्याका हे च्वंगु दु । अथेहे झीगु परम्पराय् दुथ्याःगु छगू प्रथा सुरापान यायेगु नं खः । भ्वय्या इलय् जुइमा वा सुं सीगु इलय् जुइमा अय्लाः मदयेकं मगाः । जब सुनानं शील पालना याइ अन बलि प्रथा व सुरापानया नं थाय् दइ मखु । थुकिं परम्पराया नियमयात त्वाःथला बी । विशुद्धि मार्गय् शील क्लेशया दमन व विरोध, समाधि बारम्बार उत्पन्न जुया वइगु क्लेशया विरोध व प्रज्ञा कामराग, प्रतिध, मिथ्यादृष्टि, शंका, मान, भवराग, अविद्या आदि न्ह्य्गू अनुसयया विरोध धकाः धयातःगु दु ।

भगवान बुद्धया शान्तगु रुप लुमंकेबलय् न्ह्यागु खँय् नं बुद्धं जिउ जक धयाबिज्यात ला धयांथें च्वनी । तर बुद्ध स्वयमं मखुगु खँया विरोध याःगु घटना देवदत्तं संघभेद यायेत्वंगु ईयात कायेफु । तःक्वःमछि बुद्धया हत्या यायेगु कुतः असफल जुइवं देवदत्तं भगवान बुद्धया न्ह्यःने न्यागू माग तःगु खः । तर उगु माग सान्दर्भिक मजूगु



Downloaded from http://www.dhamma.digital

कारणं बुद्धं उकियात अस्वीकार यानाबिज्यात। थन लुमंके माःगु खँ छु धाःसा थुगु इलय् बुद्धं गुगु खँ अस्वीकार यानाबिज्यात थ्व छगू कथं संघय् याये मजिउगु खँया विरोध हे खः ।

अथे हे छक्वः कौशाम्बिक भिक्षुपिं दथुइ थवंथवय् ल्वापु जुल । भगवान बुद्धं निक्वः तक इपिं मिले जुयाः च्वनेत सन्देश छ्वया बिज्यात। अय्नं इपिं मिले मजू। अनंलि बुद्ध स्वयं अन बिज्याना: इमित ल्वाये मते, ल्वायेगु बांलाःगु ज्या मखु धकाः अर्तिबुद्धि बियाबिज्यात नं मजिल । अनंलि बुद्ध थः याकःचा पारिलेय्यक वनय् च्वंबिज्यात । थ्व छगू घटनायात नं बुद्धं यानाबिज्याःगु मखुगु ज्यांया विरोधी सः खः थन बुद्धं ल्वापु पिकाइपिं भिक्षुपिंनाप ल्वानाः विरोध यानाबिज्याःगु मखु बरु इमिगु ज्यापाखें थः तापाक च्वनाः विरोध यानाबिज्याःगु खः । थुगु इलय् यदि बुद्धं थुकथंया ज्या यानाबिमज्याःगु खःसा अन इमिसं थःगु गल्तीयात नाला काये नं मफइगु जुइ ।

बुद्धकाल नं ब्राह्मणवाद हावी जुयाच्वंगु ई खः । थज्याःगु इलय् नं भगवान बुद्ध स्वयं थमहं हे ज्ञान प्राप्त यानाबिज्यात। उलि जक मखु नगरं नगरय् गामं गामय् धर्म देशना यानाबिज्यात। उगु इलय् यदि भगवान बुद्धं मेपिसं थें सनातन धर्म धकाः ब्राह्मणवादी धर्मयात नाला कयाबिज्याःगु जूसा द्वलंद्वः भिक्षु व भिक्षुणीपिं बुद्ध शासनय् दुहां मवइगु जुइ । अझ धाये बुद्ध धर्म व बुद्ध शासन धइगु हे मदइगु जुइ ।

थन दकले ल्वःमंके मजिउगु खँ मार वयाः सिद्धार्थयात बज्रासनं थनेत स्वःगु घटना खः। मारं न्त्याक्व हे कुतः याःसां सिद्धार्थ बज्रासनं दना मवं । बरु थम्हं यानागु पारमिता धर्मया साक्षी पृथ्वी तयाः मारयात हे त्याकाबिज्यात ।

थुकथं सिद्धार्थ मचांनिसें ईयात चुनौति बिबिउँ न्त्याःवंगु खः । थःगु जीवन हे बुद्धत्व प्राप्तिया लागिं जुगुलिं उगु लक्ष्य पूवंकेत समाजय् न्त्याना वयाच्वंगु रितिथिति व परम्परायात तकं विरोध याःगु दु। उलि जक मखु बुद्धत्व प्राप्ति लिपा नं जीवनय् वःगु हरेक कथंया हाथ्याया सामना यानाः थःगु जीवनया चय्दँय् निर्वाण जुयाबिज्याःगु खः ।

*(साभार- 'सन्ध्या टाइम्स')*

### वि.सं. २०६९ सालमा कठिन उत्सव सम्पन्न भएका विहारहरू

| सं. | विहार | ठेगाना | कार्तिक महिना | |
|---|---|---|---|---|
| | | | गते | वार |
| १ | संघाराम | ढल्को | १५ | बुद्ध |
| २ | बौद्ध शान्ति | चापागाउँ | १५ | बुद्ध |
| ३ | प्रणिधिपूर्ण | बलम्बु | १६ | विहि |
| ४ | ध्यानकुटी | बनेपा | १७ | शुक्र |
| ५ | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र | शंखमूल | १८ | शनि |
| ६ | मणिमण्डप | पट्को ल.पु. | १८ | शनि |
| ७ | जितवन | थानकोट | १९ | आइत |
| ८ | ज्ञानकीर्ति | नयाँबजार | २० | सोम |
| ९ | शाक्यसिंह | थैना | २१ | मंगल |
| १० | धापाखेल बुद्ध | ललितपुर | २२ | बुद्ध |
| ११ | सुमंगल | थानकोट | २२ | बुद्ध |
| १२ | बौद्धजन | सुनागुठी | २३ | विह |
| १३ | धम्मावास | खुशिबुँ | २४ | शुक्र |
| १४ | आनन्दकुटी | स्वयम्भु | २५ | शनि |
| १५ | पद्मसुगन्ध | मजिपाट | २५ | शनि |
| १६ | शान्तिवन | गोदावरी | २५ | शनि |
| १७ | पुण्योदय | जल, ल.पु. | २६ | आइत |
| १८ | चर्तुब्रह्म | मातातीर्थ | २७ | सोम |
| १९ | धर्मचक्र | बागवजार | २८ | मंगल |
| | | | मंसीर महिना | |
| २० | श्रीघः | नःघल | १ | शुक्र |
| २१ | सुमंगल | लुँसुखी | २ | शनि |
| २२ | बौद्ध समकृत | भक्तपुर | ३ | आइत |
| २३ | कुटी | कोटेश्वर | ३ | आइत |
| २४ | वेलुवनाराम | थेचो | ४ | सोम |
| २५ | बोधिचर्या | बनेपा | ४ | सोम |
| २६ | रत्न विपश्यना | सानो भर्याङ्ग | ४ | सोम |
| २७ | पनौती बुद्ध | पनौती | ४ | सोम |
| २८ | बुद्ध | भृकुटीमण्डप | ५ | मंगल |
| २९ | गणमहा | गण वहाल | ६ | बुद्ध |
| ३० | दोम्बु | बलम्बु | ६ | बुद्ध |
| ३१ | पूर्वाराम | धुलिखेल | ७ | विहि |
| ३२ | बुद्धभूमि | टोखा | ८ | शुक्र |
| ३३ | विश्वशान्ति | नयाँ बजार | ९ | शनि |
| ३४ | श्रीकीर्ति | कीर्तिपुर | १० | आइत |
| ३५ | सिद्धिपुर | धसि | १० | आइत |
| ३६ | सुवर्ण छत्रपुर | लुभु | ११ | सोम |
| ३७ | जितपुर गन्धकुटी | खोकना | ११ | सोम |
| ३८ | मनमयज्ु ध्यानकुटी | मनमयज्ु | १२ | मंगल |
| ३९ | आनन्द भुवन | स्वयम्भू | १२ | मंगल |
| ४० | यम्पि | ई वही | १३ | बुद्ध |



Downloaded from http://www.dhamma.digital

# थौंया इलय् ध्यानया महत्व

✍ रोजी शाक्य

देय्या राजनीतिक अस्थिरता, आर्थिक संकट, मनूतय्के मानसिक तनाव अप्वयाच्वंगु इलय् ध्यानया महत्व भन अप्वःगु खनेदु। भीगु जीवन दुःखं जायाच्वंगु दु । धाइ नापं दु 'जाति पच्चया जरा मरण सोक परिदेव दुक्खदोमनस्सुपायासा सम्भवन्ति' अर्थात् जन्म जुइधुंकाः बुरा जुइगु, ल्वचं कइगु व सीबलय् जुइगु शोक हे दुःख खः। थ्व दुःखया भवसागरं मुक्त जुइगु लागिं ध्यान अभ्यास तसकं हे आवश्यक जू । ध्यान नं निगू कथंया दइ, छगू समथ ध्यान व मेगु विपश्यना ध्यान । समथ ध्यान धायेबलय् एकाग्रताय् च्वनेगु। लुमंकेवहः जू थ्व एकाग्रता बिना विपश्यना ध्यान च्वने फइ मखु ।

विपस्सना पालि खँग्वः खः । थुकी 'वि' धायेबलय् विशेष रुपं अले 'पस्सना' धायेवलय् स्वयेगु खः । अर्थात् पाय्छि कथं स्वयेगु गुगु वस्तु गथे च्वं अथे हे खंकेगु विपश्यना खः । गुगु वस्तु गथे च्वं, पाय्छि उकथं हे स्वयाः, थुइकाः गुगु आचरण जुइ, वहे पाय्छि कल्याणकारी सम्यक आचरण जुइ । विपश्यना सम्यक आचरण खः ।

विपश्यना गुगुं जादू मखु । विपश्यना गुगुं मन्त्र वा विद्या नं मखु गुकिं छुं नं सर्प-बिच्छे अथवा भूत-प्रेतयात थें भीत मन्त्र यानाः चिना तइ । विपश्यना आत्म-संवर खः । थःगु नुगलय् खिति मथायेमा धकाः संवर याइगु खः । थःगु नुगलं पुलांगु खिति लिकयाः वांछ्वयेगु विधि खः । न्हूगु खिति मथाकेगु नितिं भीसं हे मोह-विमूढित जुयाः नुगलय् खिति थाकाच्वना । उकिं थः न्ह्याबलें प्रयत्नपूर्वक सतर्क व जागरुक जुयाः खिति अप्वयेके मबीगु हे विपश्यना खः । पुलांगु खिति नं मेपिं सुनानं यानाः मखु भीसं हे यानाः अप्वयाच्वनीगु खः । थुकियात न्हंकेत जिम्मेदारी नं भीगु हे खः ।

विपश्यना शील-समाधी स्थित जुयाः अन्तर प्रज्ञा उजागर यायेगु पावन अभ्यास खः । बुलुहुँ बुलुहुँ प्रज्ञा पुष्ट यायेगु सत्प्रयास खः । प्रज्ञा धइगु प्रत्येक उत्पन्न स्थितियात थीथी कथं थुइकेगु खः । अनुकूल अथवा प्रतिकूल परिस्थितिया सामना जुइखतं छुं ठीक धकाः म्हसीकेगु कुतः मयासे तुरुन्त अन्ध प्रतिक्रिया बीगु दुष्प्रज्ञता खः। थ्वहे मानसिक क्षोभ खः, उत्तेजना खः, वहे दुःख खः । तर थुज्वःगु हरेक अवस्थायात विवेकपूर्वक स्वयाः थुइकाः थःगु नुगःयात समताय् तयेगु हे प्रज्ञा खः ।

थ्व विद्याया खोजी थौं स्वयां २५०० दँ न्ह्यः भगवान गौतम बुद्धं यानाबिज्याःगु खः । अले वसपोलं मनूतय् कल्याणया लागि सर्वसुलभ यानाबिज्यात। वसपोलं थःगु अनुभूतिया आधारय् थुइकाबिज्यात कि समस्यां बिसिउँ वनेगु पलेसा वस्तुस्थितिया सामना यायेगु पाय्छि जुइ । गुगुं नं घटनाया कारण गुगु विकार पिज्वइ वयात वहे रुपं स्वयेमाः । तं पिहांवःगु इलय् गुगु वस्तु गथे खः वयात उकथं हे स्वयेमाः, स्वयाच्वनेमाः । थुकिं क्रोध शान्त जुइ। थुकथं हे गुगु विकार पिज्वइ उकियात यथाभूत रुपं स्वयाच्वन धाःसा उकिया शक्ति क्षीण जुजुं वनी । तंवयाच्वंगु इलय् छुं नं सियाच्वनी मखु । थुलि तक कि थः तंचायाच्वना धइगु तकं लुमनी मखु । क्रोध शान्त जुइधुंकाः तिनि हरेक खँ वाःचायावइ । तर उबले तक सुयातं ब्वः बी धुंकूगु वा ल्वानाः दायाः छु न छुं घटना जुइधुंकी। हाकनं थ्वहे घटना लुमनाः पश्ताय् चाइ तर लिपाः हाकन छुं गथे जुयाः उजवःगु हे घटना जुल धाःसा हाकनं उज्वःगु हे प्रतिक्रिया बियाच्वनी। वास्तवय् क्रोधित जुइबलय् भीपिं होशय् हे दइ मुखु । लिपा होशय् वयेधुंकाः पस्ताय् चाःसां छुं फाइदा जुइमखु ।

उकिं थुथाय् भीगु निताजि समस्या ल्यनाच्वंगु खनेदु। छगू ला भीके विकार पिज्वयेधुंकाः गुकथं सचेत जुइगु ? अले मेगु सचेत जुल धाःसां नं उगु अमूर्त विकारयात साक्षीभावं गुकथं निरीक्षण यायेगु ? वसपोल महापुरुषं प्रकृतिया थ्व सत्ययात दुने थ्यंक तक वनाः मालाः, स्वयाः थुइकाबिज्यात कि गुगुं नं कारण गुगुं नं इलय् नुगलय् विकार पिज्वइ उगु इलय् स्वासया गती अस्वाभाविकता वइ अले र म्हया अङ्ग-प्रत्यङ्गय् शुक्ष्म कथंया जीव रासायनिक प्रतिक्रिया शुरु जुइ । यदि थ्व निगुलिं पक्षयात स्वयेगु खःसा थःगु नुगःया विकारयात स्वयेगु ज्या जू वनी गुकिं यानाः विकार स्वतः क्षीण जुजुं वनी । अथे हे सासःयात स्वयेगु अभ्यासयात आनापान सति धाइसा म्हय् जुइगु जीव-रसायनिक प्रतिक्रियायात साक्षीभावं स्वयेगु अभ्यासयात विपश्यना धाइ ।

थ्व निगुलिंया थवंथवय् दुग्यंगु स्वापू दु । थ्व



Downloaded from http://www.dhamma.digital

निगुलिंया बांलाक अभ्यासयात धाःसा गुगुं नं कारणं यदि नुगलय् विकार पिज्वल धाःसा न्हापांगु ज्या थ्वहे जुइ कि सासःया हिलावं वंगु गति व म्हय् पिज्वइगु गुगु नं कथंया जीव रासायनिक प्रतिक्रियां भ्रीत सचेत यानाच्वनी कि चित्त धाराय् गुगुं नं कथंया विकार ब्वलनाच्वंगु दु। स्वास अथवा म्हय् जुइगु संवेदनायात स्वयेगु खःसा स्वभावतः उगु इलय् पिज्वःगु विकारया उपशमन, उन्मुलन जुइ। गुगु इलय् भ्रीसं कयागु स्वास व पितछ्वयागु स्वासयात साक्षीभावं स्वयेगु जुइ अथवा भ्रीगु म्हय् जुयाच्वंगु जीव रासायनिक वा विद्युत-चुम्बकीय प्रतिक्रियायात साक्षीभावं स्वल धाःसा उगु इलय् विकार उत्पन्न जुइगु आलम्बनलिसे या सम्पर्क नं त्वाःदइ। थथे यायेगु धइगु वस्तुस्थितिं बिसिउँ वनेगु मखु। कारण, दुनुगलये गुगु विकारं हलचल यानाच्वँगु दइ वहे सत्यया सामना यानाच्वंगु दइ। निरन्तर अभ्यास थम्हं थःत स्वयेगु थ्व कलाय् गुलि पोख्त जुइ उलि हे थःगु स्वभावया छगू अङ्ग ब्वलनी, अले बुलुहुँ थुज्वःगु स्थिति नं वइ गुगु इलय् विकार उत्पन्न हे जुइ मखु वा विकार उत्पन्न जुल धाःसां नं ताःईतक प्रतिक्रिया उकि प्रतिक्रिया बियाच्वने फइ मखु। छुं ईतक जक च्वन धाःसां नं ल्त्वहँतय् कियातःगु ध्वः थें ताः ई तक ल्यनीगु संस्कार धाःसा जुइ फइ मखु। लखं वा फिं सालातःगु ध्वः थें हल्का संस्कार जक ल्यनी, गुकिं याकनं हे छुटकारा दइ। गुलि बलपूर्वक व गुलि ताः ई तक विकारया प्रक्रिया न्ह्यानाच्वनी, दुनुगलय् उकिया लिच्वः नं उलि हे क्वातुक लानाच्वनी। उकिं भ्रीगु ज्या विकार पिज्वये सातकि उकियात साक्षीभावं स्वयाः उकिया शक्ति क्षीण यायेगु जू वनी। मि च्यायेसातं लखं लुइमाः। लःया पलेसा पेट्रोल लुनाः मियात बः बीगु ज्या मजुइमा। उत्पन्न जूगु विकारयात सचेतपूर्वक तत्क्षण यायेगु हे विकारया मिइ लखं लुइगु खः।

थुकथं अनुभव यायां बनेबलय् छन्हु उगु विन्दुइ थ्यनी गुगु इलय् सम्पूर्ण म्ह तरङ्गित जुइ अले तरङ्गै तरङ्ग विनाश जुयाच्वंगु आभास जुइ। उगु इलय् क्षण प्रतिक्षण अस्थिर, भङ्ग, अनित्य स्वभाव वाःचायेफु। गुकिं यानाः म्ह्य् गुगु आशक्ति क्वातुयाच्वंगु खः, व बुलुहुँ कमजोर जुजुं वनी। अले वं वास्तविक यथार्थ खनी। सारय् धायेगु खःसा विशेष रुपं स्वयेगुयात हे विपश्यना ध्यान धाइ। *(साभार- 'सन्ध्या टाइम्स')*

## त्रिरत्न शरणः

**रथया ल्यू ल्यू घःचा वइथें, जन्म लिसें वई मरण मनू**
**मृत्यु मयोसां छन्हुला सकलें, वनेमा वइथाय् शरण मनू**

*बुदिं :*
ने.सं. १०३८ पोहेलागा
त्रयोदशी, शनिवार
(वि.सं. १९७४ माघ २७ गते)



*दिवंगत :*
ने.सं. ११३२ कौलाथ्व
एकादशी, बिहिवार
(वि.सं. २०६९ कार्तिक ९ गते)

थुगु समाजया स्वम्हम्ह संघ आजु जगत बहादुर शाक्यया तता एवं नायो भाजु मिम शाक्यया निनी समाजयाय् नकीं **मय्जु जगत कुमारी शाक्य** ९६ दँया वैश्य् आकाझाकां मदुगुलिं वसपोलया निर्वाण नापं सुगती कामनायासें दुःखँकया च्वंपिं छँजःपिन्त थुगु इलय् धैर्य याये फयेमा धकाः बिचाः हायेकाःच्वना।

**भोजपुर टक्सार शाक्य समाज**
यल, काठमाडौं, नेपाल।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

गतिविधि

## धम्मवती गुरुमां स्वास्थ्योउपचार पश्चात् भारतबाट स्वदेश फर्कनु भयो



*वर्मी सयादो उ ञाणिक र सयादो उ सुन्दर धम्मवती गुरुमांको स्वास्थ्य स्थिति बुझ्ने क्रममा*

दिल्ली स्थित वि.एल कपूर अस्पतालमा स्वास्थ्यो पचार गर्नुभई धम्मवती गुरूमां कार्तिक १ गते बुद्धवार धर्मकीर्ति विहारमा फर्कनु भएको थियो । उहाँ हाल नेपालमा थप स्वास्थ्योउपचार गर्दै हुनुहुन्छ ।

भारतमा स्वास्थ्योउपचार क्रममा रहनुहुँदा उहाँको स्वास्थ्य स्थिति बुझ्ने सिलसिलामा धम्मवती गुरूमांसंग विभिन्न महानुभावहरूको मैत्रीपूर्ण भेटघाट भएको थियो ती मध्ये केही विवरण यसरी रहेको छ ।

अल इण्डिया भिक्षु महासंघका अध्यक्ष वर्मी भिक्षु सयादो उ ञाणिक एक रात रेल यात्रा पूरा गर्नुभई



*संकाश्य स्थित वर्मी विहारका अधिपति सयादो उ नन्द धम्मवती गुरुमांको स्वास्थ्य स्थिति बुझ्ने क्रममा*



Downloaded from http://www.dhamma.digital



*सयादो उ वण्णधज (सारनाथ वर्मी विहार अधिपती) धम्मवती गुरुमांको स्वास्थ्य स्थिति बुझ्ने क्रममा*

धम्मवती गुरुमांको स्वास्थ्य स्थिती बुझ्ने सिलसिलामा औषधी उपचारको लागि रु. १० हजार भारतीय रूपैयाँ प्रदान गर्नु भएको थियो । सयादो उ ञाणिकका साथ बुद्धगयाबाट डा. दो मोलिनी र डा. धम्मविचयो पनि धम्मवती गुरूमां दर्शन गर्नका लागि आउनु भई यथाश्रद्धा दान प्रदान गर्नु भएका थिए ।

यसरी नै भारत स्थित वर्मी विहारका विहार अधिपति सयादो उ सुन्दर पनि एकरात रेलयात्रा गर्नु भई धम्मवती गुरूमांको स्वास्थ्य स्थिती बुझ्नु भए पश्चात् औषधीउपचारको लागि रू. ५००० भारतीय रूपैयाँ प्रदान गर्नु भएको थियो ।

यसको साथै भारतको संकाश्य स्थित वर्मी विहारका विहार प्रमुख सयादो उ नन्दले धम्मवती गुरूमांको स्वास्थ्य स्थिती बुझ्ने सिलसिलामा एकहजार अमेरिकी डलर प्रदान गर्नु भएको थियो ।

वर्मी भिक्षु सयादो उ ञाणिस्सरले धम्मवती गुरूमांको स्वास्थ्योउपचारका लागि १२०० सिंगापुर डलर प्रदान गर्नु भएको थियो ।

भारतको सारनाथ स्थित वर्मी विहारका प्रमुख सयादो उ वण्णधज हवाई जहाजवाट आउनुभई रु. दशहजार भारतीय रूपैयाँ स्वास्थ्योपचारका लागि प्रदान गर्नुभएको थियो ।

धम्मवती गुरूमां नेपालमा रहनुहुँदा गुरुमांको सुस्वास्थ्य कामना गर्नुभई गणमहाविहारमा प्रमुख भिक्षु सोभितले औषधोपचारका लागि पटक पटक रू ५०० प्रदान गर्नु भएको थियो । उपचारको क्रममा धम्मवती गुरुमां भारतको गुरगाउँ स्थित सुनील धाख्वा (धम्मवती गुरुमांकी बहिनी ज्वाइँ) र दिव्या धाख्वा (धम्मवती गुरुमांकी बहिनी) सपरिवारको घरमा रहनु भएको थियो । उक्त घरमा रहनुहँदा धम्मवती गुरुमांका भदा सिद्धार्थ र उहाँकी श्रीमती अञ्जु सपरिवारको तर्फबाट आवश्यक सहयोग प्रदान गरी पूण्य सञ्चय गर्नु भएका थिए ।

यी बाहेक धम्मवती गुरूमांको स्वास्थ्योपचारका लागि हालसम्म दाताहरू भाइराजा तुलाधर सपरिवार,हिमालय होटल सपरिवार, राजेश श्रेष्ठ सपरिवार र अन्य थुप्रै दाता उपासकोपासिकाहरूबाट आर्थिक सहयोग प्राप्त भएका छन् । धम्मवती गुरूमांले सबै सहयोगीहरूको सहयोगको लागि साधुवाद एवं धन्यवाद व्यक्त गर्नुभई आयु आरोग्य कामना गर्नु भएको छ ।



Downloaded from http://www.dhamma.digital

# श्रीघः विहार प्रवेश पञ्चबुद्ध द्वार उद्घाटन



*नवनिर्मित पञ्चबुद्ध द्वार उद्घाटन गर्नुहुँदै भिक्षु अश्वघोष एवं भिक्षुणी धम्मवती गुरुमां*

*२०६९ कार्तिक १३ गते सोमबार*

*स्थान- श्रीघः नःघल काठमाडौं*

यसदिन संघनायक भिक्षु अश्वघोष महास्थविर र अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष, एवं श्रीघः विहार विकास समितिका अध्यक्ष भिक्षुणी धम्मवतीको तर्फबाट श्रीघः विहार प्रवेश पञ्चबुद्ध द्वार समुद्घाटन भएको थियो ।

श्रीघः विहार विकास समितिको प्रहल एवं विभिन्न दाता महानुभावहरूको श्रद्धाले यस पञ्चबुद्ध द्वार निर्माण भएको थियो । श्रीघः विहार विकास समितिको आयोजनामा संचालित यस कार्यक्रममा थेरवाद, महायान एवं वज्रयान गरी तीन समूहबाट मंगल पाठ वाचन गरिएको थियो । त्यसपछि समितिका महासचिव गुह्यरत्न शाक्यले स्वागत भाषण तथा प्रगति विवरण



*पूण्यानुमोदन गर्नुहुँदै इन्दावती गुरुमां*



Downloaded from http://www.dhamma.digital



नवनिर्मित श्रीघः विहार प्रवेश पञ्च बुद्ध द्वार

प्रस्तुत गर्नु भएको थियो ।

विभिन्न महानुभावहरूको तर्फबाट आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएपछि समितिको सहकोषाध्यक्ष अमीर शाक्यले धन्यवाद व्यक्त गर्नु भएको थियो । अन्त्यमा इन्दावती गुरुमांले पूण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

पञ्च बुद्ध द्वार माथि एकातर्फ पञ्चबुद्धको स्वर्ण मूर्ति तथा अर्कातर्फ मञ्जुश्री, षटक्षरी तथा अमिताभ बुद्ध राखिएको छ । कार्यक्रमका विशेष अतिथि सँस्कृतविद सत्यमोहन जोशीबाट पञ्चबुद्ध विषयमा जानकारी सहितको मन्तव्य दिनुभएको थियो । पुरातत्व, विभागका महानिर्देशक भेषराज दहालज्यूबाट पूरातात्विक महत्वका स्थलहरूलाई संरक्षण गर्नुपर्ने विषयमा चर्चा गर्नुभएको थियो ।

## न्ह्यानाच्वंगु पलाः धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया

**– प्रेमलक्ष्मी तुलाधर**

बुद्ध धर्म प्रचार प्रसार यायूगु छगू माध्यम खः ज्ञानमाला भजन
उकी दुने दयाच्वंगु दु बुद्ध वचनया
मू हा कथं सारांशया रुप कयाः
मथूपिंसनं थुइगु छाँतं वियाच्वंगु दु
ज्ञानया सिमा जुयाः
थ्व हे सिमायात ज्वनाः न्ह्याकाच्वंगु दु पलाः
धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनं
ज्या भ्वः ज्वनाः भजन याना च्वंगुदु
थी थी लसताया ज्याभ्वले थुकथं
बुद्ध पूजा, महापरित्राण पाठ, बुद्ध भगवान
मूर्ति पलिस्था, चिभाः पलिस्था, चिभा, बुसादँ
भिं बुदिं, मचा, ज्याथः ज्याथी जन्को,
न्हूगु छें पुवंगु व मदेधुंकुपिनिगु पूण्य तिथित
थ्व हे खः भजनया ज्या ज्ञान इना जुइगु
"ज्ञान कापित निर्वाण लंपु
मकापिंत द्वंगुया लँपु"
दिपाः काइमखु थ्व भजन गवलेनं
न्ह्याना च्वनी सललल खुसीया लः वंथें
कायूगु जक मखु बिइनुं सयूकेमाः निरन्तररुपं
थःगु मैत्रीया चिं लुमन्ति कथं धकाः
आशिकायाना च्वनी न्हिथं पूज्य धम्मवती गुरुमां व सकलसिया
भिं मनंतुनाच्वनी धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनं
हालामिपिं व न्यनामिपिं सकलसिनं दुनुगलं
निसें ज्ञानया माः क्वखायू सःपिं जुइफयूमा धकाः





Downloaded from http://www.dhamma.digital

## प्रथम संगायना

*२०६९ आश्वीन २७ गते, शनिवार*

*प्रवक्ता- उर्मिला ताम्राकार। प्रस्तुती- राज भाइ तुलाधर*

भगवान बुद्धको महपरिनिर्वाण भएको तीन महिना पछि महाकाश्यप भन्तेको नेतृत्वमा राजगृहमा प्रथम संगायना भएको थियो । पाली श्रोत अनुसार राजगृहको सप्तपर्णी गुफामा यो संगायना भएको थियो जसमा पांच सय अर्हत भिक्षुहरूले भाग लिएका थिए । यसको प्रमुख उद्देश्य भगवानले ४५ वर्ष सम्म विभिन्न गाउँ, नगर, निगमहरूमा दिनु भएको उपदेशलाई अर्थात धर्म र विनयलाई पछि सम्म शुद्ध रूपमा कायम गर्नु थियो ।

महाकाश्यप भन्तेले भगवान परिनिर्वाण भएको कुरा सात दिन पछि मात्रै थाहा पाउनु भएको थियो । वहाँ आफ्ना शिष्यहरू सहित भगवानलाई भेट्न कुशीनगर तर्फ आउँदै गर्दा यो खबर सुनेपछि धेरै जसो भिक्षुहरू जो अर्हत भएका थिएनन् तिनीहरू एकदम शोकाकुल भएर रून कराउन थाले । तर त्यसमध्य एकजना सुभद्र नाम गरेको बुद्ध भिक्षुले चाहिं चीवर उछाल्दै प्रसन्नता व्यक्त गरे । सधै हामीलाई यो गर त्यो नगर भनेर नियन्त्रणमा राख्ने बुद्ध रहेन, हामी अव स्वतन्त्र भयौं भनेर दंग परे । यो देखेर महाकाश्यप भन्तेको मनमा लाग्यो यस्तो भिक्षुहरूको कारणले बुद्ध शासन छिट्टै लोप भएर जानेछ । वहाँले त्यही वेला धर्म र विनयलाई शुद्ध र व्यवस्थित रूपमा अगाडि वढाउने विचार गर्नु भयो ।

भगवानले एकपटक भिक्षु महाकाश्यपसंग चीवर साटेर लगाउनु भएको थियो । महाकाश्यपको प्रतिभा र क्षमता बुझेर भविष्यमा वहाँबाट नै बुद्धशासनको निरन्तरतामा योगदान पुग्नेछ भन्ने जानेर नै भगवानले यस्तो गर्नु भएको थियो । महाकाश्यप वाहेक अरू कसै संग पनि भगवानले लाउनु भएको चीवर लाउन सक्ने क्षमता थिएन । एकपटक ब्रह्मा आएर भगवानलाई कमलको फूल दिएर उपदेशको लागि प्रार्थना गर्दा भगवानले त्यो फूल महाकाश्यपलाई दिनु भएको थियो । यसबाट पनि भगवानले महाकाश्यपलाई विशेष महत्व दिनु भएको थियो भन्ने कुरा बुझिन्छ । भगवानले दिएको जिम्मेवारीलाई राम्ररी बुझ्नु भएको हुनाले नै वहाँले तीन महिना भित्रै संगायना गर्नु भएको थियो ।

भिक्षु सुभद्रले देखाएको प्रतिकृया वाहेक प्रथम संगायना गर्नु पर्ने कारण अरू पनि थियो, जस्तै छन्न भिक्षुलाई ब्रम्हदण्ड दिनु र आनन्द भिक्षुबाट विभिन्न विषयहरूमा स्पष्टिकरण लिनु पनि थियो । छन्न भिक्षु धेरै नै अभिमानी थियो । सिद्धार्थ राजकुमारलाई मैले नै चार निमित्त देखाइ दिएको भन्ने ठूलो घमण्ड थियो, कसैलाई आदर सम्मान गर्दैनथ्यो । भगवानले 'म परिनिर्वाण भइसकेपछि संघद्वारा अनुमोदन गराइ छन्नलाई ब्रम्हदण्ड दिनु' भन्नु भएको थियो । आनन्द २५ बर्ष सम्म भगवानको उपस्थापक भएर रहंदा वहांबाट हुन गएको केही कुराहरू धेरै भिक्षुहरूलाई चित्त बुझेको थिएन । भगवानसंग पटक पटक अनुरोध गरेर आनन्दले प्रजापति गौतमीलाई प्रवजित गराउनु भएको थियो र त्यसपछि भिक्षुणी संघको शुरूआत भएको थियो । महिलालाई प्रव्रजित गऱ्यो भने बुद्धशासनको आयु घट्छ भन्ने धारणा थियो । त्यसैले प्रजापति गौतमीलाई प्रव्रजित गराएकोमा विरोध थियो । यस सम्बन्धमा र अरू आक्षेपहरूको सम्बन्धमा समेत चित्त बुझ्दो जवाफ दिए पछि भिक्षु संघबाट वहाँले सफाइ पाउनु भयो ।

आनन्द भन्ते वहुश्रुत, स्मृतिवान र एकदम मेघावी हुनु हुन्थ्यो । वहाँले एकपटक सुनेको कुरा संधै संम्भीराख्न सक्नु हुन्थ्यो । भगवानको निजी सहायक भएर २५ वर्ष सम्म छांया जस्तै भगवानसंग वस्दा उहाँले भगवानले देशना गर्नुभएको सबैजसो उपदेशहरू सुन्नुभएको थियो । उहाँ नभएको ठाउँमा दिएको उपदेश समेत भगवान् बुद्धले वहाँलाई फेरि सुनाउनु हुन्थ्यो । त्यसैले धर्म सम्बन्धी सवै कुराहरू आनन्दबाट भन्न लगाएर बांकी भिक्षुहरूले ठीक हो, यस्तै हो भनेर अनुमोदन गरे । त्यस्तै विनय संबन्धी सवै कुराहरू विनयमा एतदग्ग भिक्षु उपालीबाट सुनेर अनुमोदन गरियो । यसरी महाकाश्यप भिक्षुको अगुवाइमा आनन्द र उपाली भिक्षुहरूको प्रमुख योगदानबाट भगवानले देशना गर्नु भएको धर्म र विनय सम्बन्धि सवै कुराहरू व्यवस्थित रूपमा अगाडि बढ्यो जसको फलस्वरूप हामीले आजसम्म पनि बुद्धशासनलाई अंगाल्न सकिरहेका छौं । वहां तीनै जना भिक्षुहरूप्रति हामी सवै अवश्य नै कृतज्ञ हुनु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

## अंगुत्तर निकायको दुक निपात

*२०६९ आश्वीन २० गते, शनिवार*

*प्रवक्ता- मदन रत्न मानन्धर*

*प्रस्तुती- राजभाइ तुलाधर*

सूत्रपिटकको अंगुत्तर निकाय अन्तर्गत दुक निपातमा तीनवटा पण्णासक (५० को समूह) छन्। प्रथम पण्णासकमा भएको पाँचवटा वर्गहरू मध्य पांचौ (अन्तिम) वर्ग हो परिषद वर्ग । यो वर्गमा सूत्र नं. ४३ देखि ५२ सम्म १० वटा सूत्रहरू छन्। सूत्र नं. ४९ सम्म पहिलाको कक्षाहरूमा व्याख्या भइ सकेको छ।

सूत्र नं. ५० मा भगवान बुद्धले समाजमा दुई प्रकारको परिषद विसम परिषद र सम परिषद हुन्छ भन्नु भएको छ । बिसम परिषदमा मानिसहरू अधार्मिक र अविनयशील हुन्छन् भने सम परिषदमा धार्मिक र विनयशील हुन्छन्। त्यसैले विसम परिषद अंध्यारो हुन्छ, सम परिषद चम्किलो हुन्छ । धार्मिक भन्नाले अरू कसैको हानी नोक्सानी नगरिकन आफ्नो पनि हित अरूको पनि हित हुने काम गर्ने व्यक्तिलाई भन्न सकिन्छ। त्यस्तै विनयशील भन्नाले नियमहरूलाई राम्ररी पालन गर्ने भन्ने बुझिन्छ। सम परिषदमा कसैले पनि सामाजिक सद्भाव विथोलिने, अरूलाई बाधा हुने काम गर्दैन ।

सूत्र नं. ५१ मा धार्मिकतालाई अझ बढी जोड दिएर भगवानले एउटा धार्मिक परिषद हुन्छ भने अर्को अधार्मिक परिषद हुन्छ भन्नु भएको छ । धर्म अनुकुल काम गर्ने व्यक्तिलाई ठूलो बाधा अड्चन अथवा भनौं मार आउन सक्छ । तर उ प्रतिकुल परिस्थितिमा पनि विचलित हुंदैन, धर्मलाई छोड्दैन । धार्मिक भन्दैमा अरूबाट हुन आउने नाजायज थिचोमिचो अथवा अपराधलाई प्रतिकार नगरिकन बस्नु हुंदैन किनभने यसले त्यस्तो गलत प्रवृत्ति भएको व्यक्तिलाई फेरि फेरि पनि अधार्मिक कार्य गर्नको लागि प्रोत्साहन मिल्दै जान्छ । मनमा कट्टरता नराखी नियम कानून अनुसार प्रतिकार गर्नुपर्छ ।

सूत्र नं. ५२ मा पनि धर्मलाई नै जोड दिइएको छ । यहाँ भगवानले धर्मवादी परिषद र अधर्मवादी परिषदको उल्लेख गर्नु भएको छ । धर्मवादी परिषदको व्यक्तिहरूले कुनै कुरामा विवाद आयो भने त्यसलाई सवै मिलेर समाधान गर्छ, एक अर्कासंग मनमुताव राखी र ाख्दैन । अधर्मवादी परिषदमा विभिन्न अनावश्यक विवाद उठाएर झगडा गरीरहन्छन् । आफ्नै कुरालाई मात्र ठीक ठान्छन् । मिलेर समाधान गर्न खोज्दैन । धर्मवादी परिषदमा व्यक्तिहरूले धर्म अनुकुल मात्रै बोल्छन् भने अधर्मवादी परिषदमा धर्म अनुकुल बोल्दैनन् ।

## रत्न मञ्जरी गुरूमांको छैंठौ वार्षिक पूण्य तिथि सम्पन्न

*२०६९ कार्तिक ११ गते त्रयोदशी तिथि, शनिवार*



यसदिन रत्नमञ्जरी गुरूमां दिवंगत हुनुभएको छ वर्ष पूरा भएको पूण्य तिथीलाई स्मरण गरी गुरुमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ गरिएको थियो । दिवंगत रत्न मञ्जरी गुरुमांको पूण्य स्मृतिमा सञ्चालित यस पूण्य कार्यमा उपस्थित हुनुभएका सम्पूर्ण गुरूमांहरू लगायत उपासकोउपासिकाहरूलाई पुलांपुचः धर्मकीर्तिले जलपान व्यवस्था मिलाई पूण्य संचय गरेका थिए भने धर्मकीर्ति विहारबाट भोजन व्यवस्था मिलाइएको थियो ।

महापरित्राण पाठ शुरू गर्न अगाडि धम्मवती गुरूमांले रत्नमञ्जरी गुरूमांको तस्विर अगाडि दियो जलाई श्रद्धाञ्जली चढाउनु भएको थियो । कार्यक्रममा धर्मकीर्ति विहारका गुरूमांहरू लगायत उपासको पासिकाहरूले दिवंगत रत्न मञ्जरी गुरूमांको पूण्य स्मृतिमा दान प्रदान गर्नु भएका थिए। अन्त्यमा पूण्यानुमोदन गरी कार्यक्रम सम्पन्न गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## २२७४ औं शस्त्र परित्याग दिवस सम्पन्न

*२०६९ साल कार्तिक ८ गते, बौद्ध ।*

विश्व विख्यात सम्राट अशोकले चक्रवर्ती सम्राट बन्ने महत्वाकांक्षी भावनाले ग्रसित भई सुरू गरेको कलिङ्ग लडाईमा थुप्रै मानिसको ज्यान गई रगतको खोलो बगेको र थुप्रै मानिस घाइते भएको दृष्य देखी उनको मनमा अशान्तिले सताएको थियो । त्यही बेला उनले शान्त पूर्वक आइरहनु भएको श्रामणेर निग्रोधका प्रभावकारी व्यक्तित्व देखी प्रभावित भई उनलाई दरबार भित्र निमन्त्रणा गरेर उहाँबाट बुद्ध शिक्षा सुनेका थिए । "जसले आफ्नो मनलाई बसमा राख्न सक्छ, उसले संसार लाई जित्न सक्दछ, मनको गुलाम भए सम्म उ कहिले पनि विजयी वन्न सक्दैन"भन्ने बुद्ध वचन सुनी अशोकले आफ्नो हिंसात्मक एवं महत्वाकांक्षी भावनाले युक्त गलती कार्य लाई महशुस गरी बिजया दश्मी कै दिन शस्त्र परित्याग गरेका थिए । २२७४ वर्ष पूर्व घटेको घटना हो यो । यही दिनलाई शस्त्र परित्याग दिवसको रूपमा मनाउने चलन चल्ती रहेको छ ।

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदले गत १८ वर्ष देखि विजया दशमी कै दिन शस्त्र परित्याग दिवस मनाउँदै आए अनुसार यसपाली कार्तिक ८ गते परिषद र श्री बौद्धध्याङ्ग गुठी समेत गरी संयुक्त रूपमा कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार बौद्धका माननिय चिनिया लामाको प्रमुख आतिथ्य एवं परिषदका अध्यक्ष वखत बहादुर चित्रकारको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका महासचिव श्रद्धेय भिक्षु कोण्डञ्ञले शान्ति नायक गौतम बुद्धको जन्म भूमी नेपालमा हिंसा र हत्या रोक्ने व्यवस्था होस् भनी मन्तव्य व्यक्त गर्नु भएको थियो ।

यसरी नै लुम्बिनी विकास कोषको माननीय उपाध्यक्ष कर्मा स्याम्बो शेर्पाले शस्त्र परित्याग दिवस कार्यक्रमलाई प्रशंसा गर्दै यस्तो कार्यक्रम देशका अन्य विभिन्न स्थानहरूमा पनि मनाउनुपर्ने सल्लाह दिनु भएको थियो ।

उक्त कार्यक्रममा लामा गुरुहरू, डा. सानुभाई डंगोल र डा. लक्ष्मण शाक्यले पनि आफ्नो मन्तब्य व्यक्त गर्नु भएको थियो । परिषदका कोषाध्यक्ष संघ रत्न शाक्यले धन्यवाद व्यक्त गर्नु भएको थियो । परिषदका महासचिव विष्णु रत्न शाक्यले पशुवलि चढाएर दशै मनाउनु भन्दा २२७४ वर्ष पहिले देखि नै शुरू भएको शस्त्र परित्याग गरी धर्म शासन चलाइएको दिवसलाई दशैं मनाउन उत्तम हुने मन्तव्य व्यक्त गर्नु भएको थियो । यसरी नै बौद्ध ध्याङ्ग गुठीका महासचिव किरण लामाले यस्तो कार्यक्रममा सधैं सहयोग गर्ने वचन व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा परिषदका अध्यक्ष बखत बहादुर चित्रकारले हरेक वर्षको दशैंमा प्राणीहिंसा कार्य भइरहेको राष्ट्रिय व्ययलाई हटाउनुपर्ने मनसाय व्यक्त गर्नुहुंदै सभा विसर्जन गर्नुभएको थियो ।

## ऋषिणी प्रव्रज्या कार्यक्रम सम्पन्न

*२०६९ कार्तिक ५–९ । स्थान- नगदेश बुद्ध विहार, थिमी*

२२७४ औं शस्त्र परित्याग दिवसको उपलक्ष्यमा नगदेश बुद्ध विहारमा (कार्तिक ५- ९) दिने ऋषिणी प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । नगदेश बुद्ध विहारमा वर्षावास अधिष्ठान गर्नु भएकी केशावती गुरूमांको निर्देशनमा सम्पन्न भएको उक्त कार्यक्रम जम्मा १९ जना उपासिकाहरूलाई ऋषिणी प्रव्रज्या गरिएको थियो ।

## मैत्री बोधिसत्व महाविहारमा बुद्धपूजा

*२०६९ कार्तिक ६ गते । स्थान- मैत्री बोधिसत्व विहार*

यसदिन मैत्री बोधिसत्व विहार जमलमा कुसुम गुरुमांले बुद्ध पूजा कार्यक्रम सञ्चालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो । धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरेको उक्त कार्यक्रम दाता प्रभा स्थापितको तर्फबाट जलपान व्यवस्था मिलाई पूण्य सञ्चय गरिएको थियो । प्राप्त समाचार अनुसार उक्त कार्यक्रममा दाता परिवारले स्व. तीर्थरत्न स्थापित, स्व. मोहन कुमारी स्थापित र स्व. महेन्द्र महर्जनको पूण्य स्मृतिमा जलपान दान गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## शान्तिस्तूप लुम्बिनीको एघारौं वार्षिकोत्सव

लुम्बिनीस्थित जापानी शान्ति स्तूप निर्माण भएको ११ वर्ष पूरा भएको उपलक्ष्यमा संघनायक भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा विशेष कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त अवसरमा उहाँले दिनुभएको मन्तव्य विवरण यसरी रहेको थियो–

बुद्धको जन्मस्थल लुम्बिनी हो । बुद्ध शान्तिका प्रवर्तक हुनुहुन्छ । गौतम बुद्ध राजनैतिक नेताहरू जस्तो प्रवचन मात्रै दिने व्यक्ति हुनुहुन्न। उहाँ यथावादी तथाकारी हुनुहुन्थ्यो । मतलब बुद्धले शान्तिको लागि मानिस असल मान्छे बन्नुपर्छ भन्ने देखाउनु भयो । यसको लागि उहाँले भिक्षु संघ गठन गरी मानिस असल मान्छे बन्न सक्ने धर्म प्रचार गर्न निर्देशन दिनुभयो। त्यस भिक्षु संघमा कुनै वर्ग भेद र जाति भेद थिएन। ब्राह्मण देखि शुद्र सहित भिक्षु संघमा समावेश थियो। स्त्री पुरुष भनी भेदभाव थिएन। भिक्षुणी संघ पनि स्थापना गर्नुभयो । बुद्ध भन्नुहुन्छ शान्तिको लागि मानिस निस्वार्थ र कर्तव्य परायण हुनुपर्छ। आफ्नो गल्ति महसुस गर्न सक्नुपर्छ अर्थात् आत्मालोचना गर्न सक्नुपर्छ। यहि बुद्धको शान्तिको सन्देश हो। यही नै हो बुद्ध यथावादी तथाकारीका उदाहरण।

जापानका शान्ति स्तूप संसारभरि स्थापना भएका छन्। ती मध्ये पनि लुम्बिनीमा स्थापना भएको शान्ति स्तूप महत्वपूर्ण छ। किनभने लुम्बिनी बुद्ध जन्मस्थल हो। बुद्ध शान्तिका प्रवर्तक हुन्। जापानबाट आउने तिर्थयात्रीहरूले सम्झिराखेको छ र बुझिन्छ कि बुद्धको जन्मस्थल नेपालको लुम्बिनी नै हो। धेरै जापानी बौद्धहरूको धारणा छ बुद्ध भारतमा जन्मेको भनी। तर यहाँ जापानी शान्ति स्तूप दर्शनार्थ आइसकेपछि त्यो भ्रम हराएर जान्छ। यस अर्थ यहाँको जापानी शान्तिस्तूपको महत्व बढेको छ।

यस्तो शान्तिको मुहान लुम्बिनीमा एउटा दुखद् घटना घटेको छ। एक जना जापानी भिक्षु जुनकि शान्ति स्तूप निर्माणमा संलग्न थियो, निर्दयी हत्याराले उनको हत्या गऱ्यो। यो बुद्धभूमि लुम्बिनीको लागि कलंकित घटना हुन पुग्यो। फेरि त्यस्तो दुःखद घटना नहोस् र स्थायी शान्ति होस् भनी कामना गर्दछु।

## देव अवतरण दिवस समापन

*प्रस्तुती- ङवाङवोशेर लामा*

*स्थान- सम्तेन छ्योस्लिङ गोम्पा, दोलखा*

२०६९ कार्तिक १३ गते पूर्णिमाको दिन देखि कार्तिक २१ गते मङ्गलवारको दिनसम्म विश्व शान्तिको कामना गरी छ्योस्लिङ्ग गोम्पा श्यामा-४, दोलखामा बुद्ध वचन कग्युर पाठ गर्ने काम सम्पन्न गरिएको छ। कग्युर भनेको पाली भाषामा र संस्कृत भाषाबाट लामा भाषामा भाषान्तर गरेको बुद्ध वचन हो। यसमा मनुष्यमा निहित लोभ नष्ट गर्न बुद्धले देशना गर्नु भएको विनयपिटक रिस विनष्ट गर्न देशना गर्नुभएको सूत्रान्त पिटक र मनुष्यमा भएको अन्धकार रुपी असान नष्ट गर्न देशना गर्नुभएको अभिधर्मपिटकहरू रहेका छन्। यसलाई लामा भाषामा दुलवी देनो-दोदे देनो र ङोन्पी देनो भनिएको छ। यी सूत्रहरू पाठ गर्दा, सुन्दा, पाठ गराउँदा, सुनाउँदा एक समान पुण्य लाभ भई शान्ति प्राप्त हुने कुरा विश्वास छ। यी सूत्रहरू पाठ गरी सुनाउनका लागि सम्तेन छ्योस्लिङ्ग गोम्पाका प्रमुख लामा ङवाङवोशेर लगायत ओर्ग्यान् छ्योस्लिङ गोम्पा लुङसा-१, श्यामाका प्रमुख लामा र योलुङ गोम्पा माली गा.वि.स.का तथा थोथोङ गोम्पा बम्ती-१ (रामेछाप) का प्रमुख लामा शिष्ययहरू गरी ३५ जना जति लामा गुरु, गुरुमांहरूलाई निमन्त्रण गर्नु भएका थिए।

यसरी कार्तिक १३ गतेबाट नियमित ९ दिनसम्म कंग्युर पाठ गरेपछि कार्तिक २१ गते मूल पर्व, देव अतवरण दिवसको दिन आसपासका छरछिमेकीहरूलाई पनि आमन्त्रण गरी आयोजकले व्यवस्था गरे अनुसार लामा गुरुबाट देव अवतरण दिवसको महत्व बारे श्रद्धालु भक्त जनहरूलाई परिचय मूलक जानकारी धार्मिक प्रवचन, गुरु पद्मसम्भवको पूजा विधिको माध्यमबाट बुद्ध समक्ष गणचक्र पूजाअर्पण गरी प्रसाद वितरण, साँझा पाख शुभदीपावली, लामा गुरु, उपासकोपासिकाहरू, दाता, विद्यार्थी भाइवहिनीहरू र साधारण भक्तजनहरूले कंग्युर (बुद्ध वचन) को १०१ ठेली पुस्तकहरू बोकेर धार्मिक वाद्यवादनकासाथ गोम्पा परिसर परिक्रमा गरियो।

यसपछि आयोजक समिति र उपासकोपासिकाहरू, दाता, गुरुहरूलाई खातक सहित दान दक्षिणा चढाएर सबै प्राणीमा मैत्री, करुणा, मुदिता, उपेक्षाको भावना अर्थात् सबै प्राणी सुखी होउन्, सबै प्राणी दुःखबाट मुक्त होउन, सबै प्राणी खुशी होउन् र सबै प्राणीले समान पुण्य प्राप्त गरुन् भनी बोधि परिणमना पाठ गरी कंग्युर (त्रिपिटक) पाठ गरेको पुण्य प्रभावले सबै प्राणीले शान्ति प्राप्त गरुन् सबैमा ज्ञान आओस र विश्वमा शान्ति फैलियोस् भनी शुभकामना गरिएको थियो।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**




भारतमा स्वास्थ्योपचार पश्चात् नेपाल फर्कनु हुँदा नेपालको एअर पोर्टमा
धम्मवती गुरुमांलाई स्वागत गर्दै धर्मकीर्ति विहारका गुरुमांहरू लगायत उपासकोपासिकाहरू

वर्ष-३०; अङ्क-८

बु.सं. २५५६, सकिमना पुन्हि

Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः
### आम्दानी खर्च विवरण
२०६९ श्रावण १ गते देखि २०६९ असार ३१ गते सम्म

| खर्चहरू रु. मा | | | आम्दानी रु. मा | | |
|---|---|---|---|---|---|
| १) | टेलिफोन | १०००/– | १) | सि.डि., क्यासेट आदि | |
| २) | यातायात | ४८३५/– | २) | बिक्रिबाट | ३३,२२०/– |
| ३) | खाना र जलपान | १०,९७०/– | ३) | भजनबाट | ४२,०५०/– |
| ४) | उपहार खरिद | १९००/– | ४) | ब्याज आम्दानी | ५७,०६६/४० |
| ५) | मर्मत | ३,५००/– | | | |
| ६) | उपहार खरिद | १,९००/– | | | |
| ७) | सि.डि. बनाएको | ४,५००/– | | | |
| ८) | विज्ञापन | २,१००/– | | | |
| ९) | विविध | ३,०२५/– | | | |
| १०) | ब्याजदर | ३५१/१५ | | | |
| | **बचत** | १,००,१५५/२५ | | | |
| | **जम्मा** | १,३२,३३६/४० | | **जम्मा** | १,३२,३३६/४० |

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः
### वासलात
२०६९ असार ३१ गते

| दायित्व | | | सम्पत्ति | | |
|---|---|---|---|---|---|
| १) | गत वर्षको कोष बाँकी | ४,०४,९३२/७५ | १) | बज्रबहुउद्देश्यीय सहकारी संस्था – वचत | ६१,५७२/७५ |
| २) | थप यस वर्षको वचत | १,००,१५५/२५ | २) | बज्रबहुउद्देश्यीय सहकारी संस्था – मुद्दती | २,००,०००/– |
| | | | ३) | कुवेर मर्चेण्ट फाइनान्स लिमिटेड – वचत | १८,५१५/२५ |
| | | | ४) | कुवेर मर्चेण्ट फाइनान्स लिमिटेड – मुद्दती | २,२५,०००/– |
| | **जम्मा रु.** | **५,०५,०८८/–** | | **जम्मा रु.** | **५,०५,०८८/–** |

| *कोषाध्यक्ष* | *सचिव* | *उपाध्यक्ष* | *अध्यक्ष* |
|---|---|---|---|
| **श्याममान बज्राचार्य** | **प्रेमलक्ष्मी तुलाधर** | **जुजुभाइ शाक्य** | **धम्मवती** |

Downloaded from http://www.dhamma.digital